

# यातनाको समाचार लेखन

यातनालाई समाचार बनाउने
पत्रकारहरूका लागि हाते प'स्तिका


*Lawyers for Justice in Libya*

*Independent Medico-Legal Unit*

*Coordinadora Nacional
de Derechos Humanos*

*REDRESS*

*Advocacy Forum*



*युरोपेली संघको सहयोगमा*

# यातनाको समाचार लेखन

यातनालाई समाचार बनाउने
पत्रकारहरूका लागि हाते प'स्तिका

यो प्रकाशन लेखक संस्थाहरूको वेवसाइटहरूमा पिडिएप प्रारूपमा अनलाइन उपलब्ध छः

www.advocacyforum.org

www.derechoshumanos.pe

www.imlu.org

www.libyanjustice.org

www.redress.org.


आवरण तस्वीरः ओमार डफल्ला अहमेद

चित्रः ओमार डफल्ला अहमेद

साजसज्जाः रीता भिलारेत


## सहकार्यमा

### सम्पादक संस्थाहरू

### युरोपेली संघको सहयोगमा

# यातनाको समाचार लेखन

यातनालाई समाचार बनाउने
पत्रकारहरूका लागि हाते पुस्तिका

# विषयसूची


०१ प्राक्कथन ५

०२ यातना भनेको के हो ? ७

परिभाषाका प्रमुख तत्व ८

यातना कहाँ हुन्छ ? १३

०३ यातना कति सर्वव्यापी छ ? १८

०४ को हुन् यातनाका पीडित ? २१

०५ यातनापीडितमा यातनाको कस्तो असर पर्छ ? २२

०६ यातना किन यति गम्भीर अपराध हो ? २४

०७ राज्यका प्रमुख दायित्व के हुन् ? २५

कुनै पनि हालतमा यातना नदिन २५

यातना रोक्नका लागि २७

पीडकलाई अभियोजन गर्न ३०

परिपुरण दिनका लागि ३१

कुनै देशमा पठाउँदा कसैले यातना पाउने सम्भावना भएमा त्यहाँ नपठाउन ३४

०८ यातनाका बारेमा सोध्दा राज्यहरूले दिने गरेका सामान्य प्रतिक्रिया (र हाम्रो प्रतिक्रिया) ३५

०९ यातनाका बारेमा के गरिरहिएको छ ? ४१

१० यातनापीडितसँगको अन्तर्वार्ता : पत्रकारका लागि सहयोगी सामग्री ४३

यातनाको प्रभावबारे बुझाइ ४३

अन्तर्वार्ताका लागि तयारी ४५

अन्तर्वार्ताका क्रममा ४७

अन्तर्वार्तापछि र समाचार छापिनुअघि ४८

सूचनाका अन्य स्रोतहरू ४९

११ यातनाको समाचार बनाउने पत्रकारहरूले झेल्ने खतरा के हुन् ? ५१

१२ लेखकहरूका बारेमा ५४



# ०१ प्राक्कथन

यातना भनेको एकजना व्यक्तिविरुद्ध गर्न सकिने सर्वाधिक क्रूर अपराध मध्येको एक कार्य हो। पीडितको गरिमामा आँच पुऱ्याउन तथा निजलाई शक्तिहीन तुल्याउनका लागि नियोजित रूपमा गरिएका क्रूर कार्यमार्फत मानवको स्तरबाट गिराउने यातनाको लक्ष्य हुन्छ।

युद्ध वा संकटकालमा समेत अन्तर्राष्ट्रिय कानुनद्वारा कठोर प्रतिबन्ध लगाइएको यातनाको कार्यलाई धेरैजसो मुलुकमा अवैध घोषित गरिएको छ । यसो हुँदाहुँदै पनि चरम दमनकारी राज्यका अलावा सर्वत्र नै यातनाको अझै अभ्यास गरिन्छ । सन् २००९ को जनवरीदेखि २०13 को मेसम्म विश्वका सबै क्षेत्रबाट १४१ देशका सरकारी अधिकारीले यातना वा अन्य दुर्व्यवहार गरेका सम्बन्धी प्रतिवेदनहरू एम्नेस्टी इन्टरनेसनलले प्राप्त गऱ्यो ।[1]

यातनाको अन्त्य हुनुपर्ने तथा पीडकलाई दण्डहीनतामा रमाउन दिने काम निर्मूल हुनुपर्ने न्यायको माग हो । संसारभरका यातनापीडितले आफ्नो जीवन प्रतिष्ठाका साथ अघि बढाउनका लागि निजहरूमाथि भएको यातनालाई राज्यले स्वीकार गर्ने तथा निजहरूले पाउनुपर्ने उपचार दिने आवश्यकता न्यायले ठहऱ्याउँछ । यी अधिकारहरू कानुनमा व्यापक तवरले समावेश गरिएको भए पनि न्याय प्राप्तिका लागि पीडितहरूले कैयौं व्यवहारिक कठिनाइहरू झेल्नुपर्ने हुन्छ ।

जनतालाई यातनाका विषयमा संवेदनशील बनाउनका लागि सञ्चारमाध्यमले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । यातनाको अपराध मौनको अवस्थामा तथा गोप्य स्थितिमा भइरहेको हुन्छ ।

सही समाचार प्रेषण गरेर पत्रकारहरूले यातनाको व्यापकता, कोमाथि यातना भइरहेको छ भन्ने तथ्य र कसले यातना दिइरहेको छ भन्ने विषयमा चेतना अभिवृद्धि गर्न सक्छन् । पीडितहरू तथा तिनका समुदायमा यातनाले गरेको असर तथा न्याय प्राप्तिबाट लागि पीडितहरूलाई वञ्चित गराउने चुनौतीहरूका बारेमा समेत पत्रकारहरूले महत्त्वपूर्ण धारणा दिन सक्दछन् । यातनाका बारेमा थप चेतना जगाउँदा यो अपराध किन भइरहेको छ र यसलाई कसरी निर्मूल गर्न सकिन्छ भन्ने विषयमा संवाद प्रवर्द्धन गर्नका लागि मद्दत पुग्छ ।

तर यातनाका धेरै मुद्दाहरू सञ्चारमाध्यममा प्रकाशित हुँदैनन् । पीडितहरू प्रायः खुल्न नचाहने कारणले गर्दा यसो भएको हो । यातनासँग ठूलो मात्रामा लज्जाको भावना अहिलेसम्म पनि जोडिन्छ । पीडितहरूले यातना पाउँदा कस्तो प्रतिक्रिया दिए भन्ने कुरा बताउन कहिलेकाहीँ लाज मान्छन् वा निजहरूका विरूद्ध भएका विशेषगरी यातनाका अपमानजनक रूपलाई उजागर गर्न डराउँछन् । उनीहरूको आफ्नै गल्तीका कारण यातना खेप्नुपरेको हो भनी समाजका केही व्यक्तिले सोच्लान् भनी पीडितहरू ठान्छन् जबकि उनीहरूलाई पूर्णतया अवैध वा असान्दर्भिक कारणले यातना दिइएको हुन सक्छ वा उनीहरू गलत समयमा गलत ठाउँमा भएका हुन सक्छन् ।

[1] Amnesty International, “Torture in 2014:30 Years of Broken Promises”, AI Index ACT 40/004/2014, May 2014, p. 10.

आम रूपमा यातना हुने देशमा समेत सरकारहरू यातनाका अभ्यासका सम्बन्धमा मौन छन् । त्यसैले प्रायः यातनासम्बन्धी सूचना लुकाउने प्रवृत्ति हुन्छ ।

मौनतालाई तोड्न तथा चेतना जगाउनका लागि पत्रकारको महत्त्वपूर्ण भूमिका हुन्छ । तर के भइरहेको छ भनी उजागर गर्न, प्रमाणका अंगको व्याख्या गर्न अनि घटनाको सही रिपोर्टिङ गर्नका लागि पत्रकारहरूले ध्यानपूर्वक खोजी कार्य गर्नु जरूरी हुन्छ ।

यो हाते पुस्तिकाले यातनाको समाचार बनाउनका लागि पत्रकारहरूलाई व्यवहारिक निर्देशन दिन्छ । यातनाको परिभाषा, यो कसरी हुन्छ, यो किन हुन्छ र यसका परिणाम के हुन्छन् भन्ने विषयमा उठ्ने महत्त्वपूर्ण प्रश्नलाई यसले सम्बोधन गर्छ । यातनापीडितसँग उपयुक्त तवरले कसरी अन्तर्वार्ता तथा अन्तर्क्रिया गर्ने भन्ने बारेमा समेत यसले निर्देशन दिन्छ ।

यस पछाडि आउने जानकारी संसारभरका धेरै देश तथा विविध किसिमका अनेकौं सन्दर्भमा यातनाको समस्यालाई सम्बोधन गर्न पाँचवटा मानवअधिकारवादी संस्थाले बटुलेका दुई दशकभन्दा बढी समयका अनुभवमा आधारित छन् । यी संस्थाले हजारौं यातनापीडितलाई अन्तर्वार्ता लिएको तथा सहायता गरेको अनि मुद्दामामिला, पुनःस्थापना, पैरवी तथा तालिमको अनुभवबाट यो सूचना जन्मेको हो । यातनाको समाचार लेख्दा पत्रकारहरूले प्रायः सोध्ने गरेको प्रश्नबाट समेत यो जन्मेको हो । पत्रकारहरूले प्रायशः हामीहरूलाई सोध्ने गरेका प्रश्नको सरल तथा पूर्ण उत्तर हामीले यसमा दिने कोसिस गरेका छौं ।

यातनापीडितको हितलाई सर्वोच्च प्राथमिकता दिँदै प्रभावकारी हुनुका अलावा नैतिक र संवेदनशील हुनेगरी अन्तर्वार्ताहरू, अनुसन्धान तथा समाचार लेखनमा सहायता पुग्नका लागि यो निर्देशिकाको प्रयोग गर्न यसका लेखकहरू पत्रकारहरूलाई उत्प्रेरित गर्दछन् । यो गम्भीर अन्तर्राष्ट्रिय अपराधमाथि समाचारको संख्यामा वृद्धिमार्फत यातनाको गाम्भीर्य तथा पीडितमा यसले पार्ने प्रभावका बारेमा जनताको बुझाइ बढ्ने आशा गरिन्छ । समाचारको संख्या वृद्धिले जहाँसुकै भएको भए पनि सबै किसिमका यातनालाई निर्मूल गर्ने जनताको थप प्रतिबद्धता जन्माउनका लागि मद्दत गर्ने आशा पनि गरिन्छ ।





# ०२ यातना भनेको के हो ?

यातना एक व्यक्तिलाई डर देखाउन, सजाय दिन वा अपमान गर्न, अमानवीय व्यवहार गर्न तथा आत्मभावलाई समाप्त गर्नका लागि गरिने सुनियोजित शारीरिक र/वा मनोवैज्ञानिक अभ्यास हो ।

यातनासम्बन्धी व्यापक रूपमा अनुमोदित संयुक्त राष्ट्रसंघको यातनासम्बन्धी महासन्धिले यातनालाई देहायबमोजिम परिभाषित गरेको छ

> कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको बहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिति दिने वा निज वा तेस्रो व्यक्तिले गरेको वा गरेको भनि शंका गरिएको कार्यको लागि दण्ड दिने वा निज वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा जोडजुलुम गर्ने जस्ता उद्देश्यहरू वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानिजानि शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनु पर्छ ।[2]

कुन कार्यलाई यातना भन्ने भनी पूर्ण सूची उपलब्ध गराउन सकिँदैन किनकि क्रूरता र अपमानका नयाँ तरिकाहरू जुनबेलामा पनि बनिरहेका हुन्छन् । तर यातनाका सामान्य प्रकारमा निम्न कार्य समावेश हुन्छन् : कठोर कुटपिट, दाँत वा नङ निकाल्ने काम, पोल्ने डाम्ने, विद्युतीय झड्का, मांसपेशी तन्काउने, सास फेर्न असजिलो बनाउने, पानीमा डुबाउने, चर्को प्रकाशको सामना गर्न लगाउने, बलात्कार वा अन्य किसिमका यौन हिंसा जस्ता यौन आक्रमण, थुनामा वा मानसिक अस्पतालमा हानिकारक औषधी जबर्जस्ती खुवाउने, लामो समयसम्म आराम, निद्रा, खाना, पानी, पर्याप्त स्वास्थ्य, चिकित्सकीय सहायताबाट वञ्चित गर्ने, पूर्ण एकान्तवास गराउने तथा ज्ञानेन्द्रियलाई काम गर्न नदिने, स्थान र समयका सन्दर्भमा सदाका लागि अन्योलको स्थितिमा राख्ने, आफन्तहरूलाई यातना दिने वा मार्ने धम्की दिने, झुटमुटको फाँसी दिने तथा झुटमुटको अंगभंग गराउने तथा अर्को व्यक्तिलाई दिएको यातनाको साक्षी बनाउने ।

2 Article 1 of the UN Convention against Torture and other Cruel, Inhuman or Degrading Treatment or Punishment.

लोएजा तमायो विरुद्ध पेरुको मुद्दामा अन्तर-अमेरिकी मानवअधिकार अदालतले फैसला गरे अनुसार, "शारीरिक चोटपटक नभए पनि मनोवैज्ञानिक तथा नैतिक कष्ट र केरकारका दौरान यससँग जोडिने मानसिक चिन्तालाई समेत अमानवीय व्यवहारका रूपमा लिन सकिन्छ। पीडितलाई लज्जास्पद बनाउने तथा अपमानित गर्ने अनि निजको शारीरिक तथा नैतिक प्रतिरोधी क्षमतालाई तोड्ने कुरा 'अपमानजनक' पक्षले चित्रित गरेको हुन्छ ... त्यो परिस्थिति गैरकानुनी रूपमा थुनिएको व्यक्तिले सामना गर्नुपरेको जोखिमका कारण झन् खराब हुन पुग्छ ... थुनुवाको असल व्यवहारलाई सुनिश्चित गर्नका लागि निजमाथि बल प्रयोग गर्नुपर्ने स्थिति अत्यन्तै जरुरी नभएको अवस्थामा समेत प्रयोग भएमा त्यसले व्यक्तिको प्रतिष्ठामा आघात पुर्‍याएको ठहरिन्छ।"

Case of Loayza-Tamayo v. Peru (Merits) 17 September 1997, para 57.

---

नेपालमा १० वर्षे द्वन्द्वका दौरान सेनाले माओवादी भनी आरोप लगाएर आफूसँग लगेका कैयौं व्यक्ति फेरि कहिल्यै देखा परेनन्। बर्दिया जिल्ला स्थित आफ्ना घरबाट लगिएका आठजना थारु युवाले यस्तै स्थिति भोग्नुपर्‍यो। उनीहरु १४ देखि २३ वर्षका युवा थिए। उनीहरुका परिवारले उनीहरूलाई खोज्न धेरै प्रयास गरे तर फेला पार्न सकेनन्। आफन्त बेपत्ता भएका कारण परिवारमा परेको तीव्र पीडा तथा अवसादलाई संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले पहिचान गर्‍यो। ती पीडितले बेपत्ता आफन्तको मृत्युको परिस्थितिका सम्बन्धमा कहिल्यै पनि पर्याप्त व्याख्या पाएनन्, न त उनीहरुले भौतिक अवशेष नै पाए, जसका कारण उनीहरुमाथि गरिएको कार्य यातना वा दुर्व्यवहारको हदमा पुग्यो।

यातना शारीरिक वा मानसिक वा दुवै हुन सक्छ । जबर्जस्ती बेपत्ता, व्यक्तिलाई बेपत्ता बनाएर तथा सम्भावित मृत्यु गराएर वा शरीरको स्थितिका बारेमा कुनै अनुसन्धान नगरी वा निश्चिततापूर्वक केही नबताइकन राखिँदा त्यसबाट बेपत्ता व्यक्तिका आफन्तलाई निरन्तर यातनाको एक प्रकार बन्न सक्ने भनी अदालतहरूले फैसला गरेका छन् ।

## परिभाषाका प्रमुख तत्व

### कठोर पीडा वा दुःख


कति कठोरलाई 'कठोर' मान्ने ? पत्रकारहरूले प्रायः तेर्स्याउने प्रश्न हो यो । "शारीरिक वा मानसिक कठोर पीडा वा दुःख" को सन्दर्भलाई दुखाइको तीव्रताको निश्चित सीमाका रूपमा बुझ्ने गरिन्छ । तर यो सीमा 'चरम' हुन जरूरी छैन ।

सन् २००१ सेप्टेम्बर ११ को आतंकवादी हमलापश्चात् अमेरिकी सरकारले चर्को केरकार विधि नामक कार्यक्रम ल्याएपछि जे बाइबी नाम गरेका पूर्व सहन्यायाधिवक्ताले सन् २००२ मा एक कानुनी राय दिँदै कठोर पीडा भनेको "गम्भीर शारीरिक हानि, जस्तै कुनै अंगले काम गर्न छोड्नु, शरीरमा हानि पुग्नु वा मृत्युसमेत हुनु" हो भनी बताए ।[3] यातनाको अत्यन्तै साँघुरो तथा सीमाबद्ध परिभाषा भनी यो विचारको व्यापक आलोचना भयो[4] र यसले केन्द्रीय अनुसन्धान निकाय (सिआइए) का अधिकारी तथा अन्यलाई यातनाको हदसम्म पुग्ने कार्य गर्नका लागि अनुमति दिएको ठहर भयो । अमेरिकी सरकारले यो परिभाषालाई अन्ततोगत्वा अस्वीकार गर्‍यो ।



अब्देल हादी मुद्दामा सुडानी अधिकारीहरूले विस्थापित व्यक्ति बस्ने शिविरमा यातना र अन्य दुर्व्यवहार गरेको पाइयो। यस्ता दुर्व्यवहारमा कोर्रा र लठ्ठीले गरिएको गम्भीर कुटपिट, खरायो उफ्राइ, पीडितको शरीरका सबै भागमा पानीको पाइपले बेस्सरी पिट्ने काम, मारिदिने धम्की, घुँडा मारेर पाइताला देखाएर बस्न बाध्य पारिने ताकि उनीहरूको पाइतालामा हिर्काउन सकियोस् अनि त्यसपछि लगत्तै उफ्रिन लगाउने कामका अलावा अन्य धेरै किसिमका दुर्व्यवहार गरियो जसको परिणामस्वरूप पीडितले गम्भीर शारीरिक चोटपटक तथा मनोवैज्ञानिक आघात सहनुपर्‍यो। मानव तथा जनताको अधिकारसम्बन्धी अफ्रिकी आयोगले 'यो व्यवहार तथा यससँग जोडिएका परिस्थिति यातनाको हदसम्म पुग्ने गरी कठोरताको सीमा छुने गम्भीर तथा क्रूर प्रकृतिको कार्य' भएको ठहर गर्‍यो।

AcommHPR, Abdel Hadi, Ali Radi v. Sudan, 5 Nov. 2013, para. 73.



सन् २०१३ र २०१४ मा संयुक्त अधिराज्य बेलायतमा भएका आप्रवासी थुना केन्द्रका सुरक्षा गार्डले महिलामाथि आपराधिक यौन आक्रमण गर्ने गरेको आरोप पनि लाग्ने गरेका छन् । यस सन्दर्भमा अनुपयुक्त यौन व्यवहार, एक व्यक्तिलाई स्वास्थ्य सेवामा पहुँचबाट रोक्ने काम वा मैथुन गर्न खोज्दा प्रतिकार गरेबापत उनीहरूको मुद्दा अगाडि नबढाइदिने जस्ता कार्यलाई दुर्व्यवहार भन्न सकिन्छ ।

लिबियामा विद्रोह उठेपछिको समयमा विभिन्न किसिमका सशस्त्र समूहका बीच द्वन्द्व भएका छन् र ती समूहमध्ये कुनै राज्यसँग जोडिएका छन् भने कुनै छैनन् । यी समूहले राजनीतिक प्रतिद्वन्द्वी भनिएका व्यक्ति, कार्यकर्ता, जातीय र/वा धार्मिक अल्पसंख्यक समूहका सदस्य तथा गद्दाफीका बफादार भनिएका व्यक्तिका विरुद्ध सुनियोजित तवरले यातना तथा दुर्व्यवहारका कार्य गरेको पाइन्छ ।

महत्त्वपूर्ण रूपमा हानिको कठोरताको चित्रण 'सापेक्षिक' हुन्छ । यो मुद्दाका सबै परिस्थिति, जस्तै यातनाको अवधि, यसका शारीरिक वा मानसिक असर अनि केही अवस्थामा पीडितको लिंग, उमेर तथा स्वास्थ्य स्थितिमा भर पर्छ ।[5]

## सार्वजनिक अधिकारीको संलग्नता

मानवअधिकार कानुनअन्तर्गत यातना सार्वजनिक अधिकारीहरू स्वयंबाट वा तिनको दुरूत्साहन वा सम्मति वा अनुज्ञाबाट भएको हुनुपर्छ । यसमा प्रायः सार्वजनिक सुरक्षा कार्यमा संलग्न अधिकारी, जस्तै प्रहरी, सेना, कारागार वा हिरासत अधिकारीहरू पर्दछन् । तर यसमा व्यक्तिमाथि नियन्त्रणको अभ्यास गर्ने अन्य अधिकारी, जस्तै अस्पताल वा मानसिक स्वास्थ्य संस्थाका प्रशासक, शिक्षक वा आप्रवासी वा शरणार्थीलाई राख्ने केन्द्रका अधिकारी पनि पर्दछन् ।

विशेष परिस्थितिमा सार्वजनिक अधिकारीको परिभाषा व्यापक बनेर त्यसले कुनै वास्तविक सरकारी नियन्त्रणको अभावमा वस्तुगत शक्ति प्रयोग गर्ने सार्वजनिक अधिकारीलाई समेत समेट्छ वा सरकारले शासनसम्बन्धी विशेष कार्यहरू सम्पन्न गर्नका लागि निजी सुरक्षा बललाई ठेक्का दिएको अवस्थालाई समेत समेट्छ । त्यसैले कुनै देशका निश्चित क्षेत्र वा निश्चित कार्यमा जिम्मेवारी वहन गर्ने सैन्य वा विद्रोही समूह समेत यातनाका लागि जिम्मेवार ठहरिन्छन् ।



व्यक्तिलाई कठोर पीडा वा दुःख हुने कार्यबाट संरक्षण गर्ने दायित्व पनि राज्यहरूको हुन्छ र यस्ता कार्य निजी व्यक्तिले गरेको हकमा समेत यो लागू हुन्छ । यसका उदाहरणका रूपमा एक कैदीले अर्को कैदीमाथि गर्ने हिंसा हुन सक्छ । यस्तो व्यवहारलाई रोक्नका लागि शक्ति हुँदाहुँदै पनि कारागारका रक्षकहरूले हस्तक्षेप नगरेको खण्डमा कैदीमाथि पुगेको हानिका लागि राज्य जिम्मेवार ठहर्छ ।

अर्को उदाहरण जातिवादी वा समलिंगी विरूद्धका आक्रमण हुन सक्छ । आक्रमण भएको स्थानमा अधिकारीहरू उपस्थित भए पनि हस्तक्षेप गर्न चुकेमा निजहरू समेत जिम्मेवार ठहर्छन् । पेरूमा एकजना तेस्रो लिंगीलाई ५ जना नागरिकले चरम कुटपिट गरे अनि उसको अनुहार फुटेको सिसाले काटे जबकि त्यहाँ उपस्थित दुईजना प्रहरी अधिकारीले उक्त आक्रमण रोक्नका लागि कुनै प्रयास गरेनन् । यी अधिकारीहरू अहिले यातनाका सम्बन्धमा अनुसन्धानको दायरामा छन् ।

यही सिद्धान्तलाई घरेलु हिंसा तथा महिला र बालबालिकामाथि हुने हिंसा रोक्नका लागि राज्यको दायित्व हुने रूपमा समेत व्याख्या गर्ने गरिएको छ । राज्यले निजी सेना वा सुरक्षा कम्पनीलाई प्रयोग गरेपछि तिनले जनतामाथि हिंसा गरेमा वा तिनले अर्को राज्यमा व्यक्तिमाथि हुने यातना वा दुर्व्यवहारमा सहकार्य गरेमा वा सम्मति जनाएमा समेत राज्यहरू जिम्मेवार ठहरिन्छन् ।

अन्तर्राष्ट्रिय मानवीय कानुन (युद्ध तथा सशस्त्र द्वन्द्वसम्बन्धी कानुन) अन्तर्गत यातनाको अवधारणा राज्यका अधिकारी संलग्न भएको अवस्थामा सीमित छैन । यस्ता परिस्थितिमा यातनाका कार्य गर्ने व्यक्तिको हैसियतभन्दा पनि गरिएको कार्यको प्रकृतिमा अपराधको विशेषता खोज्नुपर्ने हुन्छ । राज्यसँग कुनै सम्पर्क नभएका यातना पीडकलाई समेत युद्ध अपराध न्यायाधीकरण तथा फौजदारी अदालतले अपराधी ठहर गरेका छन् ।

अल्बर्ट विल्सन फिलिपिन्समा मृत्युदण्डको सजाय पाएका व्यक्ति थिए । मृत्युदण्ड नपाउन्जेलको कैद अवधिमा उनलाई अन्य कैदीले बारम्बार कुटपिट गरिरहन्थे । कारागारका अधिकारीहरूको सम्मतिमा कारागारका केही निश्चित गार्ड र अन्य कैदीले विल्सनमाथि गरेको हिंसक तथा अनुचित व्यवहारले निजको कैदीका रूपमा रहँदा गरिनुपर्ने मानवीय व्यवहार र निजको प्रतिष्ठाको सम्मान गरिनुपर्ने अधिकारको गम्भीर उल्लंघन भएको भनी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले निष्कर्ष निकाल्यो । विल्सनविरुद्ध गरिएका हिंसाका केही कार्य कि त कारागार रक्षक आफैले कि त निजहरूको दुरुत्साहन वा सम्मतिमा गरिएकाले विल्सनको यातना तथा दुर्व्यवहारबाट सुरक्षाको अधिकार समेत उल्लंघन भएको थियो ।

3 Bybee, J. (2002), "Memorandum for A. Gonzales... [Re:] Standards for Conduct for Interrogation under 18 U.S.C. 2340-2340A", United States, Department of Justice, Office of Legal Counsel.

4 Manfred Nowak, "What Practices Constitute Torture: US and UN Standards, 2(2006) 8 Human Rights Quarterly 809, at: http://faculty.maxwell.syr.edu/hpschmitz/PSC354/PSC354Readings/NowakTorture.pdf.

5 European Court of Human Rights, Selmouni v. France (Grand Chamber), Judgment, 28 July 1999, para. 100.

## विशेष उद्देश्यको आवश्यकता

यातना विशेष उद्देश्य परिपूर्तिका लागि भएको हुनु आवश्यक छ तर यसलाई विस्तृत व्याख्या गरिएको छ । पहिचान गरिएका मध्ये केही उद्देश्यका प्रकारमा निम्न कुरा समावेश छन् : साबिती लिनका लागि, दण्डका रूपमा, जनतालाई तर्साउनका लागि, पीडितलाई बेइज्जत गर्नका लागि वा विभेद गर्नका लागि ।

कहिलेकाहीँ प्रतिबन्धित उद्देश्यको संकेत मात्र गरिएको हुन्छ । शक्ति वा अधिकार राख्ने व्यक्तिले गरेको बलात्कार वा कारागारभित्र भएको बलात्कार सामान्य रूपमा व्यक्तिको निजी यौन तुष्टिका लागि भएको हो भन्ने संकेत स्वीकार्य हुँदैन । अपराधको सन्दर्भमा ठूलो बलजफ्ती भएको वा शक्तिको प्रस्ट असन्तुलन रहेको अवस्थामा प्रतिबन्धित उद्देश्यको संकेत गर्न सकिन्छ ।

"अन्तर-अमेरिकी मानवअधिकार सम्बन्धी अदालत समक्ष ल्याइएको पेरूको यातना मुद्दामा अदालतले दुईवटा उद्देश्य प्राप्तिका लागि यातनाजन्य कार्यहरू योजनाबद्ध रूपमा तथा जानाजान गरिएको भनी धारणा बनायो : निज पीडितलाई अभियोजनपूर्वको अवस्थामा मनोवैज्ञानिक प्रतिरोधलाई भत्काउन तथा निजलाई स्वयं अपराधमा पोल्न वा निश्चित प्रकारका गैरकानुनी गतिविधिमा संलग्न रहेको भनी साबिती लिने पहिलो उद्देश्य थियो। निजलाई अभियोजन गरेपछि भने कारावासका अलावा अन्य किसिमका सजायको भागिदार बनाउने दोस्रो उद्देश्य थियो।"

Cantoral Benavides v. Peru (Merits) 18 August 2000, para 104.

---

केन्यामा अधिकारीहरूले बलपूर्वक साबिती लिने कोसिस गर्दा यातनाका केही घटना हुने गर्छन्। कहिलेकाहीँ थोरै तलब खाने अधिकारीहरूले आरोपितबाट घुस झार्नका लागि पनि यातना दिन्छन्। प्रहरीले ठेलागाडामा सामान बेच्ने र सडक व्यापारीको व्यापार बन्द गराउनका लागि पनि हिंसा गर्ने गरेका छन्।

---

यसैगरी पेरूमा अधिकारीहरूले सूचना प्राप्त गर्न वा गरिएको भनिएको अपराधमा एकखालको सजाय दिन वा गैरकानुनी रूपमा हस्तक्षेप गरी प्रहरीले पैसा धुत्ने काममा यातना तथा दुर्व्यवहारको प्रायः प्रयोग गर्ने गरेको पाइन्छ। हिरासतमा व्यक्तिहरूलाई सजाय दिने काम आमप्रचलनमा छ। यीमध्ये अधिकांश मुद्दाहरूमा उजुरी वा अभिलेखीकरण गरिँदैनन्।





## यातना कहाँ हुन्छ ?

यातना प्रायः जसो पक्राउ र थुनाको प्रारम्भिक चरणमा हुन्छ । त्यसैले प्रायः प्रहरी, सेना वा अन्य सुरक्षा निकायबाट प्रहरी चौकी जस्ता थुनाका आधिकारिक केन्द्र वा अनाधिकारिक (वा "गोप्य") स्थान यातना दिनका लागि प्रयोग गरिन्छ ।

तर यातना केरकार कक्षमा हुने क्रियाकलापमा मात्र सीमित हुँदैन । यो थुनाको अवस्थाका विशेष तत्त्वसँग पनि सम्बन्धित हुन्छ । कतिपय थुना जानीजानी मानसिक तथा शारीरिक कष्टलाई बढाउनका लागि बनाइएका हुन्छन् । थुनाका कठोर अवस्था (जसमा अपर्याप्त वा अपूरो खाना, सरसफाइ, शौचालयमा पहुँच तथा स्वास्थ्य सेवामा पहुँच) समेत दुर्व्यवहारका अंग बन्नमा योगदान गर्छन् जुन कतिपय अवस्थामा यातना बन्न पुग्छ ।

"प्रत्येक कोठामा आफ्नै एउटा हावा छिर्ने प्वाल बनाइएको थियो जुन जेनेरेटर जस्तो देखिने एक सामान्य यन्त्रसँग जोडिएको थियो। हावा छिराउने यन्त्रहरूले पीडितहरूलाई ताजा हावा खुवाइरहेको जस्तो देखिए पनि ती वास्तवमा यातना दिने यन्त्र थिए जसबाट समयको अन्तरालमा बरफिलो चिसो हावा, तातो हावा र बाक्लो धूलो आइरहन्थ्यो। कैदीहरूलाई बोल्नका लागि बाध्य पार्न यसो गरिएको थियो। तेह्रवटा कोठाहरूमध्ये एउटालाई चाहिँ हल्का रातो रंगले रंगाइएको थियो र केही छायाँ त्यसको भित्रपट्टि रहेको जस्तो देखिन्थ्यो। भित्ताहरूमा लागेका रगत छोप्नका लागि यो एकमात्र रातो कोठामा रंग लगाइएको भनी हामीलाई बताइयो। एकजना यातना पीडितलाई भित्ताहरूमा लगातार ठोकीठोकी मारिएको रहेछ। यी कोठाहरू यातना दिनका लागि बनाइएका थिएनन् बरू सन् १९८४ मा बनाइएको प्रसिद्ध न्यायो घरको निर्माण कलाकै एक अंगका रूपमा रहेका थिए। सुरक्षाकर्मीहरूले तत्कालीन एकतन्त्रीय सत्ताको विरुद्ध खतरा ठानिएका पुरुष तथा महिलालाई समयसमयमा पक्राउ गरी यी कोठाको प्रयोग ती मान्छेलाई यातना दिनका लागि प्रयोग गर्थे। सरकार फाल्नका लागि योजना बनाउने आन्दोलनको क्रियाकलापका बारेमा जानकारी थियो भन्ने कुरा स्वीकार गर्न पीडितलाई बाध्य बनाउनका लागि यातना दिइन्थ्यो। यस्तो कुख्यात भवनको प्रवेशद्वारमा एक लिफ्ट थियो, जसलाई अहिले भारी धातुका ढोकाले छेकिएको छ, त्यसमा चढाएर पीडितहरूलाई २४ औं, २५ औं तथा २६ औं तल्लामा लगेर पुरुषहरूको एक समूहले केरकार गर्थ्यो। त्यहाँ उनीहरूमाथि थप कुटपिट हुन्थ्यो। लिफ्टमा चढाएर लानुअघि भुइँतल्लाभन्दा पनि मुनि रहेको कोठामा राखेर यातना दिइन्थ्यो।"

Extract from Lynesther Mureu, "The dark days unforgotten - The Nyayo torture chambers", 22 March 2014 [Kenya National Commission on Human Rights]



“अलि अल-अकर्मीले अक्टोबर १९८४ देखि सेप्टेम्बर २००२ सम्मको १८ वर्ष त्रिपोलीस्थित कुख्यात अबु सलिम उच्चतम सुरक्षा कारागारमा बिताएका थिए। त्यस कारागारमा भएका यातना तथा अन्य दुर्व्यवहारका दर्दनाक कथाहरूका कारण अबु सलिमको नाम सुन्दा अहिले पनि धेरै लिबियालीको निद्रा खल्बलिन्छ। ‘सैन्य प्रहरीका कारागारभित्र यातना नियमित तथा सुनियोजित तवरले गरिन्थ्यो,’ अलिले भने। ‘उनीहरूले हाम्रो घुँडालाई बिलेडले काटेर घाउमा नून छर्कन्थे। दाँत र नङ निकालिने गरिन्थ्यो।’ अन्य अवसरमा फलामका रड तताएर कैदीहरूको चाकभित्र छिराउने गरिन्थ्यो। गार्डहरूले सैन्य कुकुर कैदीहरूलाई टोक्नका लागि छोडिदिन्थे। अधिकांश कैदीलाई नियमित रूपमा विना कुनै कारण पिट्ने गरिन्थ्यो। अन्यलाई बन्दुक तेर्स्याएर धम्की दिइन्थ्यो अनि उनीहरूबाट जबर्जस्ती साबिती लिनका लागि परिवारका सबै सदस्यलाई यौन दुर्व्यवहार गरिनेछ भनी प्रायः धम्क्याइन्थ्यो।

आजको मितिमा अबु सलिमको खतरनाक पक्की भवन थोत्रिएको छ। यसका मलिन भित्ताहरूमा ती पीडितहरूका नाम कालो खरीले लेखिएका छन् जो सन् १९९६ जुन २९ मा भएको नरसंहारमा मरेका थिए। त्यो दिन करिब १,२०० मानिस मारिएको आशंका गरिन्छ। त्यही दिन कारागारमा भएको दंगाका कारण सजायका रूपमा सयौं पुरुषलाई आँगनमा लगेर गैरकानुनी हत्या गरिएको थियो। अलि उक्त समयमा कारागारमै थिए र बन्दुक पड्केका आवाजहरू सुनेका थिए। ‘वकिलहरू, विश्वविद्यालयका प्राध्यापकहरू, चिकित्सकहरू त्यो दिन मारिएका थिए,’ अलिले भने। यसरी मारिएकाहरूका लासलाई जम्मा पारेर सामूहिक चिहानमा गाडिएको दृश्य अन्य कैदीले झ्यालबाट हेरे। अबु सलिम कारागारमा भएको नरसंहारको १८ वर्ष बितिसक्दा पनि त्यो दिन वास्तवमै के भएको थियो अनि लासहरूलाई के गरिएको थियो भन्नेबारेमा सत्य स्थापित गर्न जरुरी छ। घटनाका लागि जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्छ।

अलिले आफ्नो धेरै समय अबु सलिमको घिनलाग्दो एक साँघुरो कक्षमा बिताउनुपरेको थियो। कारागारका कक्षहरूमा कीरा र मुसा दोडिन्थे अनि त्यहाँ शौचालय थिएन। कैदीहरूलाई पिसाब फेर्नका लागि दूध राख्ने भाँडो गार्डहरूसँग माग्न बाध्य बनाइन्थ्यो। ‘कहिलेकाहीँ हामी एउटै कप पिउनका लागि र पिसाब फेर्नका लागि प्रयोग गर्थ्यौं,’ उनले बताए। ‘कारागारका कोठाभित्र यति धेरै गन्ध आउँथ्यो कि गार्डहरूले भित्र छिर्नुपर्दा रुमालले नाकमुख छोप्थे। खानेकुरा पाउन दुर्लभ थियो र पाएको खाना पनि ढकेको वा कीराले भरिएको हुन्थ्यो।’

Extract from Amnesty International, “Rising from the shadows of Abu Salim Prison” 26 June 2014.

यातना थुनाबाहिर पनि हुन सक्छ, सैन्य जाँचस्थल (चेकप्वान्ट) वा सार्वजनिक विरोध कार्यक्रम वा सशस्त्र द्वन्द्वको सन्दर्भमा । इजिप्सियन इनिसिएटिभ फर पर्सनल राइट्स एन्ड इन्टेराइट्स विरूद्ध इजिप्टको मुद्दामा मानव तथा जनताको अधिकारसम्बन्धी अफ्रिकी आयोगले पत्ता लगाएअनुसार दंगा नियन्त्रण प्रहरी आक्रमणहरूका लागि जिम्मेवार थिए । यस्तो आक्रमणमा प्रदर्शनका दौरान चारजना महिला पत्रकारमाथि गरिएको यौन हिंसा पनि पर्थ्यो (निजी व्यक्तिलाई उनीहरूमाथि आक्रमण गर्ने निर्देशन दिने अनि आक्रमण रोक्नका लागि कुनै हस्तक्षेप नगर्ने काम) ।

केही पत्रकारले विरोधलाई समाचार बनाइरहेका थिए भने अर्को एक पत्रकार विरोधमा संलग्न थिइन् अनि झन् अर्की पत्रकार चाहिँ दर्शक मात्र थिइन् । उनीहरूमाथि गरिएको आक्रमणका कारण उनीहरूको जिउमा चोटपटक लाग्यो र भावनात्मक आघात पनि पुग्यो । अफ्रिकी आयोगका अनुसार ती प्रत्येक पत्रकारमाथिको आक्रमण "तुच्छ तथा लज्जास्पद" थियो र यो अमानवीय तथा अपमानजनक व्यवहारको "दायरामा पर्ने हदसम्म कठोर" थियो । अझ, यी आक्रमण महिलामाथि जानीबुझी गरिएको विभेदकारी प्रहारका अंग थिए जुन विभेदमाथि लगाइएको प्रतिषेधको उल्लंघन हो :

> "भएको भनिएको घटनामा प्रदर्शनमा संलग्न वा प्रदर्शन स्थलमा उपस्थित महिलामाथि सुनियोजित तवरले लक्षित गरिएको यौन हिंसारुपी आक्रमण भएको कुरा प्रस्ट छ । अझ, आक्रमणकारीहरु इजिप्टेली समाजको सन्दर्भका बारेमा जानकार थिए जस्तो देखिन्छ – अरब मुसलमान समाजमा महिलाको सतित्व उनले आफ्नो श्रीमान्‌बाहेक अन्यका अगाडि शारीरिक तथा यौनिक रुपमा प्रस्तुत नहुनुका आधारमा मापन गरिन्छ । पीडितहरु स्वयं तथा उनीहरुका परिवारमाथि यस्ता कार्यले ल्याउने परिणामका बारेमा पीडकहरु जानकार थिए तैपनि उनीहरुलाई दण्ड दिन तथा राजनीतिक विचार अभिव्यक्त गर्न नदिनका लागि पीडकहरुले यस्तो कार्य गरे ।"[6]

 6African CmHR, Egyptian Initiative for Personal Rights and Interights v Egypt (2011), Comm. No. 323/06, 16 December 2011, paras. 152-4



पेरुमा सामाजिक द्वन्द्वसँग लड्नका लागि सरकारले अत्यधिक तथा स्वेच्छाचारी तवरले बल प्रयोग गर्ने गरेको छ । सिएनडिडिएचका अनुसार सन् २०११ देखि २०१६ सम्म सार्वजनिक विरोधका दौरान ५० जनाको मृत्यु भएको थियो र ७२७ जना घाइते भएका थिए (यो संख्या बढी पनि हुन सक्थ्यो किनकि धेरैजसो मुद्दाहरूको उजुरी गरिएको थिएन अनि त्यसैले गर्दा तिनको अभिलेख गरिएन) । दशमध्ये एक पीडित नाबालक थिए । यी मुद्दामध्ये ८७ प्रतिशतमा राष्ट्रिय प्रहरीको जिम्मेवारी रहेको बुझिन्छ भने बाँकी १३ प्रतिशतमा सशस्त्र समूहको ।



# 03 यातना कति सर्वव्यापी छ ?

*चरम दमनकारी सरकार भएका राज्यमा मात्र यातना व्याप्त छ भन्ने कसैलाई लाग्दो हो । तर वास्तविकता के हो भने यातना संसारका धेरै ठाउँमा व्याप्त छ ।*

जम्मा चार वर्षको अवधिमा एमनेस्टी इन्टरनेसनलले विश्वका सबै क्षेत्रमा रहेका १४१ वटा देशका अधिकारीले दिएका यातना तथा दुर्व्यवहारका घटनालाई अभिलेखीकरण गरेको छ ।[7] तर यातना वास्तविक रूपमा योभन्दा ठूलो मात्रामा भएको हुनसक्छ किनकि यो तथ्यांकले उजुर गरिएका मुद्दालाई मात्र समेट्छ ।

जम्मा एक वर्षमा मात्र संयुक्त राष्ट्रसंघीय यातनाविरूद्धको महासन्धिको पक्षराष्ट्र रहेका कम्तीमा ७९ देशले यातना दिइरहेको भनी एमनेस्टी इन्टरनेसनलले अभिलेखीकरण गऱ्यो । महासन्धिको पक्षराष्ट्र रहेका मुलुकको आधाभन्दा बढी संख्या हो यो । केही मुद्दा एकाध र असाधारण भनी अभिलेख गरिएका थिए भने धेरै देशले सुनियोजत रूपमा यातनाको अभ्यास गरेको पाइन्छ ।

सन् २०११ म आइएमएलयुले गरेको नेसनल प्रिभ्यालेन्स सर्भेले के पायो भने यातना अझै पनि हुने गर्छ भन्नेमा ५३ प्रतिशत केन्याली विश्वास गर्दछन् । केन्यामा यातना दिइनुका पछाडि गरिबी पनि एक महत्त्वपूर्ण कारण हो किनकि अन्य जनसंख्याको तुलनामा गरिबहरू यातनाको थप जोखिममा हुन्छन् भनी त्यही अध्ययनले उजागर गरेको थियो ।



7 Amnesty International, "Torture in 2014: 30 Years of Broken Promises", AI Index ACT 40/004/2014, May 2014, p. 10.








# ०४ को हुन् यातनाका पीडित ?

जोसुकै पनि यातनापीडित हुन सक्छन् । कोही विदेशमा काम गर्दा वा छुट्टी मनाउँदा यातनामा पर्न सक्छन् । अन्य कोही राजनीतिक दमन वा द्वन्द्वका पीडित हुन सक्छन् । अझ अन्य कोही गलत समय र गलत ठाउँमा भएकाले यातनापीडित बन्नपुगेका हुन सक्छन् । कसैलाई पनि सुरक्षित ठान्नुहुँदैन ।

तर सरकारले नै गराएको हिंसाका स्वरूप हेर्दा यस्तो हिंसा विशेष राजनीतिक, धार्मिक, जातीय वा अल्पसंख्यक समूहप्रति लक्षित हुने गरेको देखिन्छ । यातनाका पीडित बनिरहने व्यक्तिमा प्रायः राजनीतिक कार्यकर्ता, मानवअधिकार रक्षक तथा तिनका परिवार, (महिला वा बाल सैनिक लगायत) सशस्त्र द्वन्द्वमा लक्षित बनाइएका नागरिक, अपराधमा संलग्न भनी शंका गरिएका र 'अपराध निर्क्योल' गर्नका लागि 'साबिती' लिने हिसाबमा यातना दिइएका व्यक्ति, (अल्पसंख्यक समूह, यौनकर्मी वा आप्रवासी लगायतका) सामाजिक बहिष्करणमा परेका व्यक्ति तथा थुनामा रहेका व्यक्ति पर्दछन् ।

प्रायः यातनाले पीडितहरूका प्रियजनको जिन्दगीलाई समेत ध्वस्त बनाउँछ : यातनाको असर व्यक्तिको तहबाट बढ्दै गएर परिवार तथा समुदायसम्म पुग्छ र अन्ततोगत्वा यसले समाजलाई नै असर पुऱ्याउँछ ।

"एम" तवेरघान जातिका लिबियाली नागरिक हुन् । एक मिलिसिया समूहसँग आबद्ध सशस्त्र व्यक्तिहरूको एक जत्थाले उनको घर घेरेर उनी तथा उनको परिवारलाई पक्राउ गऱ्यो । उनीहरूले "एम" लाई दास र भाडाको सैनिक भनी बोलाए र पूर्ववर्ती गद्दाफीको शासनसँग आबद्ध रहेको आरोप लगाए । "एम" लाई मिलिसिया समूहको केन्द्रमा पुऱ्याएर कठोर यातना दिइयो । त्यसपछि उनलाई एउटा कारागारमा पुऱ्याएर विद्युतीय झड्का दिने, पोल्ने, पिट्ने र धम्की दिने काम गरियो । उनलाई एउटा कारमा बाँधेर आँगन वरपर घुमाइयो र मानिसहरूलाई मृत्युदण्ड दिएको हेर्न लगाइयो ।

# ०५ यातनापीडितमा यातनाको कस्तो असर पर्छ ?

यातना पाएको व्यक्तिको शरीरका घाउ निको भए पनि यातनापीडित नै भइरहन्छ भनी प्रायः भन्ने गरिन्छ । यातनाबाट गुज्रिएका जोकोहीलाई पनि, चाहे त्यो दृढ मानसिकताको व्यक्ति नै किन नहोस्, पहिलेकै अवस्थामा फर्कनु भनेको गाह्रो र अनिश्चित यात्रा गर्नु हो ।

सबै नभए पनि धेरैजसो यातनापीडितले दुःस्वप्न, सम्झनाशक्ति वा ध्यानमा कठिनाइ, निरन्तर डर तथा चिन्ताका अनुभूति लगायतका दीर्घकालीन मनोवैज्ञानिक समस्या झेल्नुपर्दछ । कहिलेकाहीँ यी लक्षणले पश्च आघात तनाव विकार (पिटिएसडी) तथा अवसाद जस्ता कठोर अवस्थालाई पनि समेट्छन् र यी दुवै अवस्थामा तत्काल स्वास्थ्य सेवा दिनुपर्ने हुन्छ । पिटिएसडी भनेको त्यस्तो तनाव विकार हो जसमा अन्य लक्षणका अलावा दुःस्वप्न, पूर्वस्मृति, अनिद्रा, एकान्तमा राखेको अनुभूति, झर्कोफर्को तथा दोषी भावना देखा पर्छन् । तर धेरैजसो पीडितले आफ्नो जीवनमा स्वनियन्त्रण हासिल गर्न वा पाउनुपर्ने न्यायका लागि संघर्ष गर्न बलियो दृढता देखाउँछन् ।

यातनापीडितमा स्थायी अपांगता तथा सदैव पीडा जस्ता दीर्घकालीन शारीरिक स्वास्थ्य समस्या देखा पर्छन् । तर यातनाका पीडितले आफ्ना अनुहार वा शरीरमा देखिनेगरी चोटपटक बोक्नुपर्छ भन्ने गलत बुझाइ छ । सधैं यसो हुँदैन किनकि यातना दिनेहरूले शारीरिक चोट नदेखिने तरिका प्रायः अपनाएका हुन्छन् वा मानसिक यातना दिन रुचाउँछन् । उनीहरूको अपराधका चिह्न नदेखिऊन् र यातनाको अभिलेखीकरण गर्न तथा सत्यता स्थापना गर्न गाह्रो होस् भन्ने उद्देश्यले उनीहरू यसो गर्छन् ।

यातनाले मानिसलाई विभिन्न प्रकारको असर पुर्‍याउँछ भनी याद गर्नु जरुरी छ । उदाहरणका लागि, यातनाको एक प्रकारका रूपमा यौन हिंसाको प्रयोगले पुरुष र महिलामा ठूलो तर फरक असर पार्छ । क्रूरताका निश्चित कार्यको असरलाई सांस्कृतिक तथा धार्मिक विश्वासले झन् तीव्र बनाउँछन् – उदाहरणका लागि, धार्मिक वस्तुको अपमान, जबर्जस्ती नांगो बनाउने काम वा यौन आसनमा बस्नका लागि बाध्य पारिने काम ।




यातनाले पीडितहरूको सामाजिक आर्थिक हैसियतलाई समेत असर पार्दछ किनकि धेरै यातनापीडितहरू काम गर्न तथा जागिर खान असमर्थ हुन्छन् । परिणामस्वरूप, उनीहरूले परिवारको सहायतामा भर पर्नुपर्ने हुन्छ । पीडित नै घरको कमाउने सदस्य भएको स्थितिमा उनीहरूका परिवारले गरिबीको जिन्दगी बिताउनुपर्ने हुन्छ ।

यातनापीडितको सशक्तीकरण, समाजमा स्वीकार्यता तथा पुनरुद्धारका लागि शारीरिक तथा मानसिक स्वास्थ्य सहायता अपरिहार्य भए पनि सबै पीडितले पुनःस्थापना सेवा पाएका वा पाउन लागेका नहुन सक्छन् । केहीले उपचार जारी नराखेका हुन सक्छन् भने केहीले कुनै पनि किसिमका शारीरिक वा मानसिक स्वास्थ्य सेवा नपाएका हुन सक्छन् ।

> “तपाईंमाथि यातना हुँदा तपाईंले आफू एकदमै एक्लो पारिएको अनुभूति गर्नुहुन्छ किनकि केही व्यक्तिले ठान्न सक्छन् कि तपाईंले पक्कै पनि कुनै गल्ती गरेकाले तपाईंमाथि यस्तो व्यवहार गरियो। तपाईं एकदमै थोरै मान्छेलाई मात्र विश्वास गर्नुहुन्छ। समय बित्दै जाँदा तपाईंले आफ्ना कथित साथी र परिचितहरू गुमाउँदै जानुहुन्छ किनकि उनीहरू यस्तो समस्याले घेरिएको तपाईं जस्तो व्यक्तिसँग जोडिन चाहँदैनन्। तपाईं कुनै पनि कुरामा सहज हुन सक्नुहुँदैन, अझ केहीमा ध्यान दिन सक्नुहुन्न। तपाईंले कुनै आवाज सुन्नुभयो वा तपाईंलाई लिफ्ट चढ्नुछ अनि त्यहाँ प्रतिध्वनि आउँछन्। त्यसले तपाईंमाथि भएका कुकृत्यको सम्झना दिलाउँछ। तपाईं आघातपूर्ण सम्झनाका लक्षणमा हराउनुहुन्छ - गन्ध, भीड, मान्छे चिच्याएको, हल्लाखल्ला भएको जस्ता चिज।”
>
> REDRESS’ founder, Keith Carmichael, who was tortured in Saudi Arabia

> मलाई शारीरिक तथा मानसिकरूपमा यातना दिइएकोले म सबै प्रकारले अशक्त भएको छु। म, मेरो श्रीमति र बालबच्चालाई माया दिन असमर्थ छु। हाम्रा बच्चाहरू मसँग खेल्न चाहन्छन तर म उनीहरूसँग खेल्न सक्दिनँ। म यो जिन्दगीदेखि टाढा जान चाहन्छु र भन्न चाहन्छु मलाई भुली देऊ। म तिनीहरूले मेरा मान्छेहरूलाई यातना दिइरहेको, भित्तामा रगतका टाटाहरू देख्छु र गार्डहरूले गेट खोले जस्तो लाग्छ र म सुत्न सक्दिन। अझै पनि मेरो कानमा उनीहरूले ‘तँ केहि होइनस्, तँ केहि होइनस्’ भनिरहेको आवाज गुन्जिइ रहँन्छ।
>
> Torture survivor from Bahrain

# ०६ यातना किन यति गम्भीर अपराध हो ?



*यातनालाई यति गम्भीर अपराधका रूपमा बुझिन्छ किनकि यो क्रूरता र शक्तिको दुरुपयोगमा आधारित हुन्छ ।*

सुरक्षाको कार्यादेश पाएका अधिकारीहरू, जस्तै प्रहरी वा सेना, ले समाजमा अत्यन्त जोखिममा परेका केही व्यक्तिमाथि दुर्व्यवहार गर्न आफ्नो पदको दुरुपयोग गरेका हुन्छन् । कुनै पनि किसिमको हिंसामा पारिएको व्यक्तिले हिंसा रोक्नका लागि सामान्यतया त्यसको बारेमा उजुरी गर्छ वा कुनै अधिकारी समक्ष पुग्छ ।

तर यस्ता अधिकारीहरूले नै हिंसा गरेको खण्डमा उक्त व्यक्ति कहाँ जाओस् ? यही दुविधाले नै यातनालाई भयावह बनाउँछ । यसले विधिको शासन र सुशासनमाथिको विश्वास भत्काउँछ अनि पीडितलाई उनीहरूको मद्दत गर्ने कोही पनि छैन भन्ने अनुभूति दिलाउँछ । त्यो भनेको पूर्णतः शक्तिहीन स्थिति हो ।





# ०७ राज्यका प्रमुख दायित्व के हुन् ?

## कुनै पनि हालतमा यातना नदिने

*यातनालाई कुनै पनि अवस्थामा स्वीकार गर्न सकिँदैन । यातनालाई प्रतिबन्ध लगाउने सबै राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धिहरूमा तथा यो सवाललाई सम्बोधन गर्ने सबै विधिशास्त्रमा यो कुरा प्रतिबिम्बित भएको छ ।*

यातना जहिले पनि प्रतिबन्धित किन हुन्छ भने यातना दिनु भनेको राज्यले हिंसा तथा क्रूरता गर्नु हो । मानवअधिकारको अवधारणामा सबै जनाको उही अधिकार हुन्छ, चाहे जोसुकै होस् र जेसुकै कुरामा आरोपित होस्, चाहे हामी उनीहरूसँग डराऔँ, उनीहरूलाई नबुझौँ वा उनीहरूलाई फरक वा 'खराब' देखौँ । मानवअधिकार भनेको मानव जातिको एक्यबद्धता हो अनि मानवअधिकारप्रतिको सम्मानले मानवीयतामा हाम्रो विश्वासलाई बढाउँछ ।

पक्ष राष्ट्रले आफ्ना क्षेत्राधिकार भित्र भएका यातनालाई पुष्टि गर्न कुनै पनि प्रकारका कारण वा परिस्थितिको सहारा लिन पाउँदैन । अनुबन्धले यस्ता परिस्थितिहरूलाई विशेषत युद्ध र त्यसबाट उत्पन्न हुने खतरा, आन्तरिक राजनितीक अस्थिरता र अन्य प्रकारका सार्वजनिक सुरक्षा सम्बन्धी अवस्थामा भनि पहिचान गरेको छ । त्यसमा आतंककारी गतिविधी, हिंसात्मक अपराधका साथै बाहिय वा आन्तरिक युद्ध वा सशस्त्र संघर्ष पनि पर्छन् । त्यसैले समिति यस्ता विषयमा गम्भीर छ र राज्यद्वारा सार्वजनिक सुरक्षा वा आपतकालीन अवस्था भनि वा अन्य प्रकारका बहानामा यातना तथा दुर्व्यवहारलाई पुष्टि गर्ने कोसिस गर्छ भने त्यसलाई समितिले अस्विकार गर्छ । त्यस्तै गरी यातनालाई पुष्टि गर्ने खालको कुनै पनि धार्मिक वा परम्परागत प्रचलनलाई पनि समितिले अस्विकार गर्छ ।

United Nations Committee against Torture, “General Comment No. 2: Implementation of article 2 by States Parties”, para. 5.

हालै मात्र विशेष समाधीक्षकलाई केहि वेवास्ता गरिएका तर शंकास्पद आतंककारीहरूबाट जानकारी हासिल गर्न प्रयोग गरिने विशेष विधीहरूको बारेमा जानकारी प्राप्त भएको छ । जसमा थुनुवालाई अत्यन्त पीडा र दबाब हुने आसनमा राख्ने, लामो समयसम्म निद्रा वा उज्यालोबाट वञ्चित गर्ने, उनीहरूलाई प्रचण्ड गर्मी, अत्यन्त चिसो, ठूलो आवाज वा कडा बत्तिमा राख्ने, टाउकोमा बोराले छोपि दिने, कपडाबाट वञ्चित गर्ने, थुनुवालाई सर्वाङ्ग नाङ्गो पार्ने वा कुकुर लगाई तर्साउने आदि पर्छन । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार संयन्त्रहरूले एकै स्वरमा भनेका छन कि यस्ता विधीहरू प्रयोग हुनु भनेको यातना तथा दूर्व्यवहारलाई विरुद्धको कानुनको उल्लंघन हो ।

Report of the UN Special Rapporteur on Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, A/59/324, 1 September 2014, para. 17.

तर यति हुँदाहुँदै पनि कतिपय अवस्थामा यातनालाई अनुमति दिनुपर्छ भनी कोहीले तर्क गर्छन् । आतंकवाद तथा राष्ट्रिय सुरक्षामाथिका खतराविरूद्ध कारबाही गर्दा केही सरकारहरूले यातनामाथिको बहसलाई धमिल्याउन खोजेका छन् । यो कतिपय सन्दर्भमा न्यायोचित हुन्छ, केही निश्चित अभ्यासहरू त्यति खराब पनि छैनन् र तिनलाई यातनाका रूपमा ग्रहण गर्न मिल्दैन, कोही व्यक्ति यति खराब हुन्छन् कि सामान्य कानुन उनीहरूको हकमा लागू गर्नुहुँदैन र यातनाबाट प्राप्त प्रमाण अदालतसमक्ष पेश गर्न सकिन्छ भनी उनीहरू तर्क गर्छन् ।

यातनालाई जायज ठहऱ्याउनका लागि प्रायः काल्पनिक 'विस्फोट हुन लागेको बम' को तर्क दिने गरिन्छ : एउटा आतंकवादीले कतै बम लगाएको छ र ऊ पक्राउ पऱ्यो । उसलाई यातना दिनु जरूरी छ किनकि उसले बमको बारेमा सूचना दियो भने हजारौं व्यक्ति मृत्युबाट बच्न सक्छन् । यो उपयोगितावादी तर्कले निर्दोष जीवनहरू बचाउनका लागि एउटा आतंकवादीलाई यातना दिनु राम्रै हो भन्छ । तर यो तर्कमा थुप्रै गलत अनुमानहरू छन् जसले यातनालाई किन कहिले पनि न्यायोचित ठहऱ्याउन सकिन्न भन्ने कुरालाई प्रस्ट पार्छ :

- यातना दिइएको व्यक्ति 'आतंकवादी' हो भन्नेमा के हामी निश्चित हुन सक्छौं ? हामी कसरी यसबारेमा निश्चित हुन्छौं ? प्रायः व्यक्तिहरू आतंकवादीहरूसँग सम्पर्कमा रहेका भनी शंका गरिएका मात्र हुन सक्छन् तर के त्यो पर्याप्त छ ? कसले यसको निर्णय गर्ने ? उक्त व्यक्ति 'आतंकवादी' हो भन्ने निर्णय लिन र उसलाई यातना दिनका लागि गोप्य अवस्थामा काम गर्ने जासुसी अधिकारी सही व्यक्ति हो ?

- मानौं आतंकवादी भनिएको व्यक्ति मऱ्यो तर मर्नुअघि उसले आफ्नी १२ वर्षीया छोरीलाई बम रहेको ठाउँका बारेमा बतायो र ती बालिकाले यो कुरा कसैलाई नबताउने कसम खाइन् । अब, सूचना पाउनका लागि ती अबोध बालिकालाई यातना दिनु स्वीकार्य हुन्छ त ? यातना दिइएको व्यक्ति कुनै अधिकार नराख्ने खराब मान्छे भनी चित्रण नगरिएको अवस्थामा उपयोगितावादी तर्क कायम रहन्छन् त ?

- यातना दिइएको व्यक्तिसँग बताउने सूचना छ र त्यो सूचनाले बम विस्फोटनलाई रोक्नेछ भन्नेमा हामी साँच्चै निश्चित हुन सक्छौं त ? बम विस्फोट हुनै लागेको अवस्थामा यातना दिने यस्तो प्रस्ताव बकवास हो । यातना दिइएको व्यक्तिले यातनाबाट छुटकारा पाउनका लागि जे मन लाग्यो त्यही भन्छ वा साबिती दिन्छ । उसले भनेको कुरा सही नै हुन्छ वा त्यस कुराले बम विस्फोट हुनबाट रोक्न समर्थ हुन्छ भन्न मिल्दैन । यातनाले महत्त्वपूर्ण सूचना उपलब्ध गराउँछ भन्ने कुनै प्रमाण भेटिँदैन । वास्तवमा व्यवसायिक अनुसन्धानकर्ताहरूले यातनाबाट अविश्वसनीय सूचना प्राप्त हुन्छ अनि सूचना लिनका लागि अरू नै थप प्रभावकारी विधिहरू छन् भनी बारम्बार जोड दिएका छन् ।

## यातना रोक्नका लागि

सबै राज्यले यातना रोक्नुपर्छ । यातनासँग सम्बन्धित सबै सन्धिमा यो दायित्व निर्धारण गरिएको छ । यो 'सकारात्मक' दायित्व हो जसको अर्थ हुन्छ राज्यहरूले केही नगरी बस्न अनि यातना हुँदैन भनी आशा गर्न पाउँदैनन् । राज्यहरूले यातना नहुने सुनिश्चितताका लागि सक्रिय कदम चाल्नुपर्छ ।

यातना रोकथामका लागि राज्यहरूले कस्ता किसिमका कदम चालनुपर्छ ? चाल्नुपर्ने कदम देश अनुसार तथा यातनाको समस्याको प्रकृतिमा भर पर्छ तर रोकथामको असल अभ्यासले परीक्षण गरिसकिएका कैयौं तत्त्वलाई समावेश गर्छ :

## दुर्व्यवहार रोक्नका लागि प्रभावकारी सुरक्षाउपाय

अत्यन्तै महत्त्वपूर्ण सुरक्षाउपायमा निम्न कुरा समावेश हुन्छन् : पक्राउ परेपछि थुनुवाहरूले वकिलसँग भेट्न पाउने अधिकार, स्वतन्त्र स्वास्थ्य जाँचको अधिकार, परिवारमा पहुँच तथा छोटो अवधिमा (२४ घण्टाभित्र) न्यायाधीशसमक्ष पेश हुने सुनिश्चितता । उत्तिकै महत्त्वपूर्ण अन्य सुरक्षाउपायमा निम्न समावेश हुन्छन् : सबै केरकार र साबिती भिडियोमा दृश्यांकन गर्ने, थुनुवाहरूलाई आधिकारिक थुनाकेन्द्रमा मात्र राख्ने तथा उनीहरूको थुनाको अभिलेख राख्ने, आफूमाथि भएको व्यवहारका बारेमा सुरक्षित तवरले उजुरी गर्नका लागि वातावरण बनाउने संयन्त्र गठन गर्ने तथा कानुनी प्रक्रियामा यातनाबाट प्राप्त साबिती प्रयोग हुँदैनन् भनी सुनिश्चित गर्ने ।







## कानुन कार्यान्वयनको व्यवहारमा परिवर्तन

कानुन कार्यान्वयन गर्ने वा अन्य अधिकारीका धारणाका कारण तथा समाजका केही वर्गको चरित्र चित्रण गर्नका लागि उनीहरूले प्रयोग गर्ने पूर्वधारणाका कारण यातना व्यापक हुनसक्छ । धेरैजसो यातनाका मुद्दाका पछाडि हुने विभेद, पूर्वाग्रह तथा हिंसालाई सम्बोधन गर्नका लागि यी धारणा र व्यवहारमा परिवर्तन ल्याउनु महत्वपूर्ण हुन्छ ।

अपराधमा कुनै पनि व्यक्ति आरोपित हुँदा निज दोषी भएको ठहर्दैन । समलिंगी वा यौनिक अल्पसंख्यक समुदायलाई दुर्व्यवहार गर्ने अनुमति कसैलाई छैन । जोसुकै भए पनि र जस्तोसुकै देखिए पनि सबै जनताको सेवा गर्नमा सार्वजनिक अधिकारीहरू संलग्न हुनुपर्दछ । कसुरदारमाथि कानुन कार्यान्वयन अधिकारीको शक्ति हावी हुन्छ र यो शक्तिलाई जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्छ । सही शक्ति पारस्परिक सम्मानमा हुन्छ, शक्तिको कठोर प्रदर्शनमा होइन । यातनाबाट प्राप्त साबिती अविश्वसनीय हुन्छन् र अदालतमा स्वीकार्य हुँदैनन् त्यसैले यातना प्रत्युत्पादक हुन्छ ।

## प्रभावकारी स्वतन्त्र पर्यवेक्षण संयन्त्रको स्थापना

यातना प्रायः जसो केरकार गरिने कक्ष तथा कारागार जस्ता एकान्त स्थलमा हुने गर्छ । यस्ता स्थानमा नियमित, अघोषित तथा स्वतन्त्र भ्रमण गरेर पर्यवेक्षण गर्दा यातना नहुनका लागि सुनिश्चित गर्न मद्दत गर्दछ ।

## यातनाको मुद्दामा अनुसन्धान तथा अभियोजन

आफूहरूलाई कसैले पनि छुन नसक्ने र कानुनभन्दा माथि रहेको भन्ने अनुभूति पीडकहरूले गर्ने भएकाले यातना हुने गर्छ । त्यसैले यातनाका मुद्दामा अनुसन्धान तथा अभियोजन गर्नु भनेको यातना रोकथामको महत्त्वपूर्ण उपाय हो । यसले यातना दिएका कारण सम्भावित पीडकले गम्भीर परिणाम भोग्नुपर्ने कुराको स्मरण गराउँछ । यातना दिनबाट रोक्ने यो महत्त्वपूर्ण उपाय हो ।

## पीडकलाई अभियोजन गर्न

यातनाका सबै कार्य अनुसन्धान तथा अभियोजन गर्नुपर्छ । राष्ट्रिय कानुनमा यातनालाई विशेष कसुरका रूपमा राख्ने तथा यससम्बन्धी सबै उजुरी र आशंकामा अनुसन्धान गर्ने सुनिश्चितता राज्यहरूले गर्नुपर्छ । यातना भएको हो भन्ने पर्याप्त आधारहरू भेटिएमा पीडक भनिएको व्यक्तिलाई अभियोजन गर्नुपर्छ ।

• तर पीडकहरूसँग प्रमाण नभएमा नि ? सक्षम स्थानीय अधिकारीहरूले प्रमाण खोज्ने दायित्व निर्वाह गर्छन्, पीडितले होइन । पीडितले भनेको कुरा भएको हो भन्ने विषयमा सबै सान्दर्भिक सूचना पत्ता लगाउने असल मनसायको दायित्व अधिकारीहरूमा हुन्छ र अनुसन्धान सत्यमा पुग्नका लागि समर्थ हुनुपर्छ । यसमा साक्षीहरूलाई सोधपुछ गर्ने, पीडितबाट विधिविज्ञान (फरेन्सिक) प्रमाण लिने, हिरासत अभिलेख तथा अन्य विषयको जाँच गर्ने कुरा संलग्न हुन्छ । अपराधमा अनुसन्धान गर्दा पीडितले कुनै मूल्य चुकाउनुपर्दैन र निजसँग प्रमाण नभएको भनी आरोप लगाउनुहुँदैन किनकि ती प्रमाण प्रायः अधिकारीहरूको साथमा हुन्छ ।

• तर पीडकले आदेशको पालना मात्र गरेको रहेछ भने नि ? आदेशको पालना गरेको भन्ने जिकिर यातनाको हकमा लिन मिल्दैन । यातनाको आदेश दिने र उक्त आदेश पालना गर्ने दुवैजनालाई यातनाका लागि अभियोजन गर्न सकिन्छ ।

• तर यातना भएको देशबाहिर पीडक फेला परेमा नि ? आफ्नो अधिकारक्षेत्रमा फेला परेका यातनाका पीडक भनिएका व्यक्तिलाई अभियोजन गर्ने दायित्व राज्यहरूको हुन्छ । उक्त व्यक्तिको राष्ट्रियता र अपराध भएको स्थानको यसमा मतलब हुँदैन । उनीहरूलाई अभियोजन हुनेगरी अर्को मुलुकमा सुपुर्दगी गर्न सम्भव नहुने परिस्थितिमा समेत राज्यहरूले अभियोजन गर्नुपर्ने हुन्छ ।

सन् २००५ मा अफगान युद्ध मुखिया फरयादी जरदादलाई उनी बसोबास गर्दै आइरहेको लण्डन स्थित अदालतमा भएको अभियोजनले उनी यातना दिनमा संलग्न भएको ठहर गरेको थियो। जरदादलाई सन् १९९१ देखि १९९६ सम्म अफगानिस्तानको चेकपोष्टहरूमा यात्रुहरूलाई बन्धक बनाउने र यातना दिने जस्ता घृणित अभियान नै चलाउनमा जिम्मेवार भएको ठहर गरेको थियो। अभियोजनका क्रममा न्यायाधीशले अफगानिस्तानमा रहेका साक्षीलाई काबुल स्थित युके राजदुतावासमा राखेर प्रत्यक्ष भिडियो लिंकबाट बयान सुनेको थियो।

३० मे २०१६ मा क्यानडाका भूतपूर्व राष्ट्रपति हिस्सेने हाब्रेलाई उनी बसोबास गरी रहेका सेनेगलमा स्थापित विशेष अफ्रिकन च्याम्बरले यातना अपराधमा दोषी ठहर गरेको थियो।





## परिपुरण दिनका लागि

यातनाका पीडितहरू परिपुरण पाउनका लागि समर्थ बनाइनुपर्छ र उनीहरूको स्वच्छ तथा पर्याप्त क्षतिपूर्तिको बाध्यकारी अधिकार हुन्छ । उक्त क्षतिपूर्तिमा सम्भव भएसम्म पुनःस्थापनाका उपाय पनि पर्दछन् ।

परिपुरण भनेका मानवअधिकार उल्लंघनका पीडितले भोग्नुपरेका दुष्कार्यलाई सम्बोधन गर्न कोसिस गर्ने उपाय हुन् । परिपुरणले उल्लंघनका सबै परिणामलाई मेट्ने तथा पीडितलाई पहिलेकै अवस्थामा फर्काउने लक्ष्य लिएका हुन्छन् । उल्लंघन नभएको भए ती अवस्था सम्भवतः कायम रहन्थे । तर पीडितलाई उल्लंघनपूर्वकै स्थितिमा फर्काउन सम्भव हुन्छ भन्ने छैन : कुनै मानवअधिकार उल्लंघन भएपछि भएरै छोड्यो ।

यस्ता मुद्दामा राज्यहरूले परिपुरण दिनुपर्छ र यस्ता परिपुरण पर्याप्त तथा प्रभावकारी हुनुपर्छ र ती पीडितमा पुगेको क्षतिको सम्भव भएसम्म बराबर मात्राको हुनुपर्छ ।

कुनै कुनै मुद्दामा उल्लंघनअघिको स्थिति भनेको सीमान्तीकरणको स्थिति हो जसका कारण यातनाको अवस्था आयो । उदाहरणका लागि, द्वन्द्वका बेला महिला र बालिकामाथि हुने व्यापक तवरको बलात्कार र यातना उनीहरू समाजमा सीमान्तीकृत अवस्थामा भएको लक्षण हो । उल्लंघनभन्दा अघि उनीहरूलाई पहिलेकै स्थितिमा फर्काउनु भनेको सीमान्तीकृत अवस्थामै फर्काउनु हो जसका कारण उनीहरूमाथि थप उल्लंघन हुन सक्छन् । यसको साटो परिपुरण एक कदम अघि बढेर सीमान्तीकरणका कारण खोतल्नतर्फ लाग्नुपर्छ ताकि यो दोहोरिनबाट रोकियोस् ।

परिपुरण अपराध तथा हनन्का तत्कालका कारणहरू र परिणामहरू भन्दा माथि र टाढा हुनु पर्छ र त्यसले महिला तथा बालिकाको जीवनलाई नकारात्मक तरिकाले दिशानिर्देश गर्ने राजनीतिक तथा संरचनागत असमान्तालाई सम्बोधन गर्ने उद्देश्य राखेको हुनु पर्छ।

Nairobi Declaration on Women's and Girls' Right to a Remedy and Reparation, adopted 21 March 2007, Principle 3(h)

परिपुरण भनेको क्षतिपूर्तिको समानार्थी हो भन्ने एक गलत धारणा चलेको छ । क्षतिपूर्ति भनेको परिपुरणको सामान्य रूप हो र यसमा अपराधबाट पैदा हुने कुनै पनि किसिमको मापनयोग्य क्षति समावेश हुन्छ । यस्तो क्षतिमा शारीरिक वा मानसिक हानि, जस्तै पीडा, दुःख र भावनात्मक क्लेश पर्दछन् । त्यस्तै शिक्षा लगायत गुमेका अवसर, कमाइमा भएका भौतिक हानि तथा नोक्सानी जसमा कमाउन सक्ने सम्भावनाको नोक्सानी, इज्जत तथा प्रतिष्ठामा भएको नोक्सानी, कानुनी वा विज्ञको सहायताका लागि आवश्यक पर्ने खर्च, औषधी तथा स्वास्थ्य सेवा र मनोवैज्ञानिक तथा सामाजिक सेवा पनि पर्दछन् ।

तर क्षतिपूर्ति नै परिपुरणको एकमात्र रूप होइन । परिपुरणका अन्य रूपमा सत्यको उजागर गर्ने, तथ्यहरूको सार्वजनिक स्वीकार गर्ने, पीडकलाई अभियोजन गर्ने, बेपत्तालाई पत्ता लगाउने र भौतिक अवशेषको पहिचान गर्ने, स्मारक बनाएर तथा अन्य विधिद्वारा पीडितहरूको गरिमालाई पुनःस्थापित गर्ने, स्मरण तथा शिक्षासँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने र यस्तै प्रकृतिका अपराध दोहोरिनबाट रोक्नका लागि प्रयास गर्ने काम पर्दछन् ।

प्रायः यातनापीडितहरूले उनीहरूको परिपुरणसम्बन्धी अधिकारको दाबी गर्न अनेकौं कठिनाइ झेल्नुपर्छ । यसो किन हुन्छ भने राज्यहरूले पीडितका बाटामा थुप्रै बाधाअवरोध तेर्स्याउन सक्छन् जस्तै, उनीहरूलाई दाबी गर्न गाह्रो बनाउने, यस्ता दाबीलाई बेवास्ता वा अवमूल्यन गर्ने वा अदालतका निर्णयलाई लागू नगर्ने । यातनाविरुद्धको महासन्धिको धारा १४ अन्तर्गत राज्यहरूमा पीडितहरूलाई परिपुरणको अधिकारको अभ्यास गर्नका लागि सम्भव भएसम्म सजिलो बनाउनुपर्ने दायित्व रहेको हुन्छ ।

नेपालमा यातना पीडितले यातना पाएको वा हिरासतबाट रिहा भएको ३५ दिन भित्र गुनासो दर्ता गराइसक्नु पर्नेछ जसले अधिकांश पीडितहरूलाई गुनासो दर्ता गराउनबाट वञ्चित हुने गरेका छन । यसका अतिरिक्त यातना पीडितले हदैसम्मको क्षतिपूर्ति बापत जम्मा १००,००० पाउने प्रावधान छ जसले पीडितलाई उचित, प्रभावकारी र समानुपातिक क्षतिपूर्ति प्राप्त गर्नबाट वञ्चित गरेको छ।

---

कङ्गोका सैनिकबाट बलात्कृत भएकी एस.ए. ले क्षतिपूर्तिका लागि हालेको मुद्दामा उनलाई जिताउँदै डीआरसी (Democratic Republic of Congo) सैनिक अदालतले बलात्कारी र कङ्गो राज्य, संयुक्त र धेरै प्रकारले जिम्मेवार रहेको ठहर गरेको थियो। तर प्रशासन तन्त्र र तिनको असक्षमताले गर्दा उनलाई अदालतको आदेश अनुरूप न्याय प्राप्त गर्न असमर्थ बनाएको छ र आजका मितिसम्म पनि उनले क्षतिपूर्ति प्राप्त गर्न सकेकी छैनन्। प्रक्रियागत झन्झटहरू यती धेरै थिए कि अन्तमा उनले राज्यले आफूलाई न्याय दिनबाट वञ्चित गरेको तर्क गर्दै मानव तथा जनअधिकार सम्बन्धी अफ्रिकन कमिशनमा मुद्दा दर्ता गराइन्।

अनुबन्धको पक्ष राष्ट्रले परिपुरणको अधिकार प्रभावकारी छ भन्ने प्रत्याभूत गर्नु पर्छ। परिपुरण अधिकार उपभोग तथा धारा १४ को प्रभावकारी कार्यान्वयनमा केहि यस्ता विशेष व्यवधानहरू आइलाग्छन जस्तै अप्रर्याप्य राष्ट्रिय कानुन, गुनासो दर्ता गर्ने र अनुसन्धान गर्ने संयन्त्र, उपचार र परिपुरणको प्रक्रिया आदि सम्मको पहुँचमा भेदभाव, आरोपित पीडकको हिरासत रहँदा अप्रर्याप्त सुरक्षा व्यवस्था, राज्यको गोपनियतासम्बन्धी कानुन, प्रमाणको भार र परिपुरणका लागि लड्दा पुऱ्याउनु पर्ने झन्झटिलो प्रक्रियागत विधीहरू, हदम्याद, क्षमादान र माफी, पीडित र साक्षीलाई उचित कानुनी सहायता तथा सुरक्षा व्यवस्थाका साथै यातना तथा दूर्व्यवहारका कारण हुने लाञ्छना, शारीरिक, मानसिक तथा अन्य प्रकारका असरहरू पर्छन्। यसका साथै पक्ष राष्ट्रले राष्ट्रिय, अन्तर्राष्ट्रिय वा क्षेत्रीय अदालतले यातना पीडितलाई परिपुरण उपलब्ध गराउन दिएको निर्णयलाई कार्यान्वयन गर्न आवश्यक कदमहरू चाल्न असमर्थ भएमा त्यसले परिपुरणको अधिकारको गम्भिर उल्लंघन मानिन्छ। पक्ष राष्ट्रले अन्य पक्ष राष्ट्रबाट पनि अदालतको आदेशलाई मान्यता दिने र पीडकको सम्पत्ति कहाँ कति छ भन्ने बारे जानकारी उपलब्ध गराउनुका साथै पीडितलाई राज्य व्यवस्था अनुरूप अदालतको आदेशलाई कार्यान्वयन गराई पाउन सक्षम बनाउन समन्वयात्मक संयन्त्रको विकास गर्नु पर्छ।

UN Committee against Torture, General Comment No. 3: Implementation of Article 14 by States Parties, 3 December 2012, para. 38.

## कुनै देशमा पठाउदा कसैले यातना पाउने सम्भावना भएमा त्यहा नपठाउने

कुनै व्यक्तिलाई अर्को देश वा स्थानमा पठाउँदा यातना हुनसक्ने स्थिति भएमा त्यसरी पठाउन राज्यहरूलाई रोक लगाइएको छ । यसलाई असुपुर्दगीको सिद्धान्त मानिन्छ ।

यस सिद्धान्तअन्तर्गत राज्यले सुपुर्दगीको अनुरोधलाई अस्वीकार गर्नुपर्छ, सम्भावित यातनाको पीडित व्यक्तिलाई स्वदेश फिर्ती हुनबाट रोक्नुपर्छ र उक्त व्यक्तिलाई अन्यत्र जाँदा यातनाको वास्तविक खतरा भएको स्थितिमा त्यही देशमै बस्न दिनुपर्छ । राज्यहरूलाई सुपुर्दगीका अप्रत्यक्ष तरिका समेत प्रयोग गर्नबाट रोक लगाइएको छ । उदाहरणका लागि, व्यक्तिबाट सबै आधारभूत सहयोग तथा समर्थन खोस्ने वा उनीहरूलाई जीवन बाँच्नका लागि असम्भव हुने अवस्थासम्म अनिश्चितकालीन थुनामा राख्ने काम गर्न पाइन्न ।

शरण लिनका लागि आफूहरूमाथि भएका अत्याचारको सुदृढ प्रमाण पेश गर्ने व्यक्तिलाई राज्यहरूले शरणार्थीको दर्जा दिनुपर्ने दायित्वसँग यो सिद्धान्त ठ्याक्कै मिल्छ । यातनाविरुद्धको महासन्धिअन्तर्गत कुनै व्यक्तिलाई देश छोड्दा यातना खेप्नुपर्ने वास्तविक खतरा रहेको अवस्थामा त्यसरी देश छोड्नका लागि बाध्य बनाउने कुनै पनि परिस्थिति वा विकल्प स्वीकार्य हुँदैनन् । आतंकवादमा आरोपित व्यक्तिलाई यातनाको खतरा भए पनि सुपुर्दगी गर्नका लागि अनुमति दिनुपर्ने भनी केही राज्यहरूले तर्क गरेका छन् । तर धेरैजसो अवस्थामा अदालतहरूले यसमा विमति जनाएका छन् ।

चहाल वि. संयुक्त अधिराज्य मुद्दामा युरोपियन मानव अधिकार अदालतले सुपुदर्गी मुद्दाहरूमा यातना तथा दूर्व्यवहारलाई पूर्ण रूपमा बर्जित गरेको छ। त्यसकारण कुनै व्यक्तिलाई अन्य देशमा सुपुदर्गी गर्दा धारा ३ ले बर्जित गरेका व्यवहारहरूको सामना गर्नु पर्ने खतरा छ भन्ने मनासिव आधारहरू देखिएको खण्डमा सो व्यक्तिको रक्षा गर्नु उक्त राज्यको दायित्व हुन्छ। सो अवस्थामा उक्त व्यक्तिको गतिविधी मन नपर्ने वा खतरनाक भए पनि सो कुरा यातना तथा दूर्व्यवहारको कारक तत्व बन्न सक्दैन।

Chahal v. the United Kingdom, Appl. No. 22414/93, 15 November 1996, para. 80





# ०८ यातनाबारे सोध्दा राज्यहरूले दिने गरेका सामान्य प्रतिक्रिया (र हाम्रो प्रतिक्रिया)

## हामी यातनालाई घृणा गर्छौं । हाम्रो देश यातनाका विरुद्ध निरेपक्ष तथा दृढ रूपमा रहेको छ


सिद्धान्तका वचन महत्त्वपूर्ण छन् तर यसो भएको प्रमाण व्यवहारमा पनि हुनुपर्छ । तपाईं यातनालाई यति घृणा गर्नुहुन्छ भने यसलाई रोक्ने सुनिश्चितताका लागि तपाईंले हरसम्भव प्रयास गर्नुहुन्छ र यातनाका सबै उजुरीमाथि मसिनो छानबिन गर्नुहुन्छ । शब्दहरूभन्दा क्रिया बढी महत्त्वपूर्ण छ ।

## यहाँ यातना हुँदैन, हाम्रा कानुन पढ्नुस् न । यहाँ यातनाको अनुमति दिइँदैन

राष्ट्रिय कानुनमा यातनामाथिको प्रतिबन्ध महत्त्वपूर्ण प्रथम पाइला हो तर अर्को कदम झन् महत्त्वपूर्ण हुन्छ, त्यो भनेको कानुनहरू पूर्णतया कार्यान्वयन भएको हुनुपर्छ । कार्यालयका दराजमा सीमित गरिएका र बेवास्ता गरिएका कानुन हुनु भनेको देखावटी कुरा मात्र हो ।

## उनी कारागारमा बलात्कृत भएको भन्छिन् तर उनी नै यसका लागि जिम्मेवार छिन् । उनी बलात्कृत हुन चाहन्थिन्

पीडित त आफू बलात्कारमा परेको कुरा बताउँछिन् र उनको सम्मति थिएन भन्छिन् । के तपाईंले उनको अन्तर्वार्ता लिनुभयो ? जेसुकै भए पनि, कारागारमा पूर्ण नियन्त्रणको अवस्थामा महिलाले मैथुनका लागि राजी हुनु भनेको असम्भव कुरा हो । यस्तो परिस्थितिमा कारागार रक्षकले मैथुन गर्न चाहनु नै शक्तिको दुरुपयोग हो ।



## तर हामीले यातना दिएनौं, हामीले त खालि सामान्य शारीरिक दबाब दियौं

'सामान्य' भनेको अस्पष्ट शब्द हो । हिंसाका लागि जिम्मेवार व्यक्तिले यसलाई यातना भन्यो वा भनेन भन्ने कुरामा यातनाको हदसम्म पुग्ने कार्य निर्धारित हुँदैन । गम्भीर पीडा वा कष्ट दिएमा, कुनै विशेष उद्देश्यका लागि जानीजानी दिइएमा, सार्वजनिक अधिकारी वा आधिकारिक हैसियतमा काम गर्ने अन्य व्यक्तिको दुरूत्साहन वा सम्मति वा अनुज्ञा भएमा उक्त कार्य यातना कहलिनेछ ।

यातनाको हदसम्म नपुगेका कार्य तर तिनबाट शारीरिक वा मनोवैज्ञानिक हानि पुग्ने कार्य बन्न पुगेमा त्यस्ता कार्यलाई पनि अनुमति दिन सकिँदैन । अनुमति दिन सकिने भनेको त्यस्तो मात्र बल हो जुन विधिवत, आवश्यक तथा समानुपातिक छ । कुनै पनि अत्यधिक बललाई न्यायोचित ठहऱ्याउनै सकिँदैन । कुनै व्यक्तिलाई हिरासतमा नियन्त्रणमा लिइएको छ र निजले कुनै किसिमको खतरा पैदा गरेको छैन भने निजमाथि बल प्रयोग गर्ने कुनै न्यायोचित आधार हुँदैन ।

## घाउका खत झुटा हुन्, आफैंले बनाइएका घाउ हुन् । शरणार्थीको दर्जा पाउनका लागि बनाइएका बहाना फगत

सत्य हो, यातना भएकै हो भन्ने संकेत खतहरूले दिन्छन् भन्ने हुँदैन तर तथ्यहरूको प्रस्ट चित्र निकाल्नका लागि मूल्यांकन गर्नुपर्ने प्रमाणहरूका संग्रहका अंगका रूपमा त्यस्ता खत रहेका हुन्छन् । खत देखाउनुपर्ने पीडितको जिम्मेवारी होइन अनि खत भनेको यातनाको सही मापक पनि होइन । यातनाले प्रायः खत जन्माउँदैन । सत्यमा पुग्नका लागि समर्थ भएको पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्नुपर्ने जिम्मेवारी अनुसन्धानकर्ताहरूको हुन्छ र यसमा साक्षीहरूको अन्तर्वार्ता लिने अनि अन्य स्रोतसँग परामर्श गर्ने कुरा समेत समावेश हुन्छ । भौतिक प्रमाण त यसको एक अंग मात्र हो ।

## तर यिनीहरू को हुन् भन्ने तपाईंलाई थाहा छ ? यिनीहरूले निर्दोष जनतामाथि के गरे थाहा छ ? यिनीहरू संरक्षणका लायक होइनन्

सबैजना संरक्षणका लायक हुन्छन् । यही नै त हो यातनाविरुद्धको निरपेक्ष प्रतिबन्धको अर्थ । हामी को अधिकारका लायक हुन्, को होइनन् भनी छान्न सक्दैनौं । मानवअधिकार सबैको हुन्छ ।

## तर हामी सुरक्षामा एक अपूर्व खतराको सामना गरिरहेका छौं, आफ्नो देशलाई जोगाउनका लागि हामी हरसम्भव प्रयास गर्दैछौं

हो, साँच्चै सुरक्षा र सुव्यवस्था मिलाउने महत्त्वपूर्ण दायित्व राज्यहरूको हुन्छ । यस कार्यको कठिनाइलाई कम आँक्न मिल्दैन । तर व्यक्तिलाई यातना दिएर सुरक्षामा सुधार आउने नआउने कुरालाई कुनै असर पर्दैन । र जुनसुकै अवस्थामा पनि यातना गैरकानुनी र नैतिक रूपमा आपत्तिजनक हुन्छ अनि यो विधिको शासनबाट भड्किन्छ जसका कारण हाम्रा सबै सुरक्षालाई नै असर पर्छ ।

## यो धेरै अगाडि भएको थियो, अब यसमाथि काम गर्नका लागि कुनै उपाय छैन । अति नै ढिलो भइसक्यो

अति नै ढिलो भन्ने कुरै हुँदैन । यातनाका मनोवैज्ञानिक खतहरू जीवनपर्यन्त रहन्छन् । पीडितहरूले कहिले पनि त्यो बिर्सन सक्दैनन् । के भएको थियो भन्नेबारेमा र गलत थियो भन्नेबारेमा समाजले पनि जान्नु जरूरी छ ताकि यो नदोहोरियोस् । आधा शताब्दीपछि सफलतापूर्वक किनारा लागेका यातनाका मुद्दा समेत भेटिन्छन् । साम्राज्यवादी ब्रिटिश सेनाले यातना दिएका केन्याली माउ माउ पूर्वसैनिकले आफूहरूमाथिको कठोर यातनाको क्षतिपूर्ति भर्खरै पाएका थिए ।

## यो 'एउटो कुहिएको स्याउ' थियो र यसलाई हामीले सजाय दियौं, बाँकी हामी त साँच्चै गजबका मानिस हौं

यातना विरलै एकआध हुन्छ, यो त फैलिने रोग जस्तो हो । कुनै खास स्थान वा खास प्रहरी वा सैन्य इकाइमा यातनाको संरचनाको प्रमाण भेटिएमा त्यस्तो संरचनामाथि अनुसन्धान हुनुपर्छ र उक्त अनुसन्धान के भएको थियो अनि ठ्याक्कै को संलग्न थियो भन्नेबारेको सम्पूर्ण सत्यमा पुग्न सक्नुपर्छ । एउटा उदाहरणीय मुद्दा मात्र सजाय दिएर पुग्दैन, विशेषगरी यसले यातनाको बृहत्तर सन्दर्भलाई ढाकछोप गर्छ भने । सबै यातनाका मुद्दामाथि अनुसन्धान तथा अभियोजन गर्ने दायित्व राज्यको हुन्छ । यसो गर्नबाट चुक्दा दण्डहीनतालाई प्रोत्साहन मिल्छ र यातनाको अभ्यास जारी रहने खतरा जन्माउँछ ।



## तर तपाईंले बुझ्नुपर्छ, यी मानिस नायक हुन् । यिनीहरूले सर्वाधिक ठूलो खराबीलाई फाल्न मद्दत गरे । अहिले आएर हामीले उनीहरूलाई अभियोजन गर्न मिल्दैन

कुनै पनि व्यक्ति वा समूह पूरै असल वा पूरै खराब हुन्छ भन्ने जरूरी छैन र कोही पनि कानुनभन्दा माथि हुँदैन । यो सिद्धान्तलाई महत्त्व दिनुपर्छ र बलियो तथा कानुनको पालना गर्ने समाजका रूपमा देशलाई विकास गर्ने हो भने यो जरूरी पनि छ । हामी सबैले खोजेको पनि यही होइन र ? एउटा समूहलाई काखा च्यापेर कानुनभन्दा माथि राख्नाले सिधै नयाँ तनाव र पूर्वाग्रह जन्माउँछन् अनि तिनको उच्च दर्जाको भावनालाई चिरकालसम्म तन्काउँछन् ।

## पीडितले किन विगत कोट्याउन चाहन्छन् ? देश अघि बढ्ने बेला भएन र ?

न्यायका लागि पीडितको माग राजनीति अथवा संक्रमणकालसँग सम्बन्धित कुरा होइन । तिनले यसबीचमा आफूले भोगेको पीडा र आफ्नो अधिकार पुनःस्थापित हुनुपर्छ भन्ने अनुभूत गरे । अन्य नागरिक जस्तै देशको भविष्य बनाउन लागि पीडितको हकमा यो सन्तुलन पुनःस्थापना हुनु अति आवश्यक छ । अग्रगामी न्यायका लागि यो पूर्वसर्त हो ।

## यो हामीले गरेका होइनौं, यो त फलानो मुलुक, हाम्रा सहकर्मीले गरेका हुन्

यातनाका सन्दर्भमा, अन्य मुलुकले गरेको यातनामा राज्य मतियार बनेको छ भने उक्त राज्य पनि त्यो मुलुक सँगसँगै यातनाका लागि जिम्मेवार ठहरिन्छ । एउटा राज्य मतियार हुनु वा नहुनु के कुरामा भर पर्छ भने तिनले के गरे, तिनले के जान्दथे अथवा जान्नुपर्थ्यो, तिनले यस्ता क्रियाकलापमा अन्य मुलुकलाई सहयोग गरे कि अथवा पीडितलाई यातनाको जोखिम बढाइदिनका लागि केही काम गरे कि भन्ने कुरामा भर पर्छ ।







# ०९ यातनाका बारेमा के गरिरहिएको छ ?

राष्ट्रिय रूपमा, यातनाका बारेमा के गर्न सकिन्छ भन्ने कुरा राज्यले यातना हुनेगरेको छ भनी स्वीकार गरेको कुरामा, स्वतन्त्र वा जीवन्त नागरिक समाजले पीडितलाई सहयोग गर्न सक्छ कि सक्दैन भन्ने कुरामा वा स्वतन्त्र न्यायापालिका छ कि छैन भन्ने कुरामा भर पर्छ ।

कैयौँ मुलुकमा सरकारहरू (र जनता पनि) यातना भएको छैन भन्ने कुरा भन्ने ठानिरहेका हुन्छन् । यस्तो अवस्थामा कुनै सञ्चारमाध्यममा यातना भएको समाचार प्रसारण भए पीडित अथवा तिनका वकिललाई विश्वास नगरिन सक्छ अथवा विवाद ल्याएर अधिकारी वा सरकारलाई विवादमा तानेको आरोप लाग्न सक्छ । जुन मुलुकमा यातना बढी हुन्छ त्यहाँ प्रगति ज्यादै न्यून हुन्छ । त्यहाँका केही कानुनले यातनालाई निषेध गरेका हुनसक्छन् तर कहिलेकाहीँ त्यस्ता यातनालाई सबै पक्षबाट सम्बोधन गर्ने व्यापक कानुनी संरचना विद्यमान नहुन सक्छ र यातनापीडितले गतिलो उपचार नपाउन सक्छन् । यस्तो अवस्थामा कानुन र त्यसको अभ्यासबीचको सम्बन्ध टुट्न सक्छ ।

अधिकांशतः दमनकारी इतिहासमा बाहिर निस्केका मुलुकले यातना तथा अन्य मानवअधिकारको विरासतलाई सम्बोधन गर्नका लागि धेरै काम गर्नुपर्छ । प्रायः भर्खरै सत्ता परिवर्तन भएका कारण यसो हुन्छ र नयाँ सरकारले यातनाका घटनालाई केही दूरी बनाएर हेर्न सक्छन् । कैयौँ 'सत्यनिरूपण आयोग' ले यातनाका अभियोगलाई सही ठहऱ्याउने र यातनामा संलग्न पूर्वनेतालाई अभियोजन गर्ने कुरामा वर्षौं लगाउँछन् ।

'आतंकवाद विरुद्धको लडाईमा बेलायती सैनिक टुकडीलाई मानव अधिकारवादी वकिलले अदालतमा उभ्याउँछ भन्ने डरले कमजोर बनाइएको छ,' प्रतिरक्षा सचिवले चेतावनी दिएका थिए । रक्षा सचिव माइकल फेलोन बेलायती सेनाले इराक र अफगानिस्तानमा गरेका कारबाहीको विरुद्ध रक्षा मन्त्रालयमा असंख्य मुद्दाहरू हाल्ने अधिकांश ल फर्महरू विरुद्ध आक्रामक बनेका थिए । उनले सिपाहीमा आफूले पक्राउ गरेका दुश्मन लडाकूहरू वा मृतकका आफन्तहरूले गरेको क्षतिपूर्ति मागदाबीका लागि अदालतको कठघरामा उभिनु पर्ने पो हो कि भन्ने चिन्ता रहेको बताएका थिए ।

"Defence Secretary Michael Fallon: suspend the human rights act to protect our troops", Tim Ross, The Telegraph, 26 December 2015

हजारौं क्याम्बोडियन बन्दीहरूलाई यातना दिने र मार्ने गरिएको पेन्नोम पेन्हमा रहेको खमेरुज एस-२१ जेलका अध्यक्ष केइङ्ग गुइकेभ 'डच' लाई यातना तथा अमानवीय दूर्व्यवहार लगायतका थुप्रै मानवअधिकार हनन्का घटनाहरूमा क्याम्बोडियाको अदालतको विशेष इजलासले अभियोजन गरी दोषी ठहर गरेको थियो।

सन् २००९ मा पेरूका पूर्व राष्ट्रपति अल्बर्टो फुजीमोरीलाई थुप्रै मानवअधिकार हनन्का घटनाहरूमा दोषी पाइएको थियो जुन प्रजातान्त्रिक तवरले निर्वाचित राष्ट्रपतिलाई आफ्नै राष्ट्रमा अभियोजन गरी मानव अधिकार हनन्का घटनामा दोषी पाइएको पहिलो घटना थियो। फुजीमोरीले पहिले नै अख्तियार दुरुपयोग गरेको अभियोगमा ६ वर्षको काराबास सजाय भोगिसकेका थिए।

अन्तर्राष्ट्रिय र क्षेत्रीय रूपमा, अन्तरसरकारी निकाय जस्तै संयुक्त राष्ट्रसंघ, अन्तरअमेरिकी, युरोपेली र अफ्रिकी मानवअधिकार प्रणालीले यातनाको भयावह स्थितितर्फ ध्यान आकर्षित गर्ने र राज्यलाई यातना रोक्नेतर्फ सम्पूर्ण शक्ति लगाउनका लागि प्रेरित गर्ने काम गरेका छन् ।

संयुक्त राष्ट्रसंघमा, विशेषज्ञ सम्मिलित यातनाविरुद्धको समिति निकै सशक्त निकाय हो जसले राज्यलाई यातनाविरोधी महासन्धिको पालना गराउने कार्यादेश पाएको छ । समितिले राज्यपक्षका प्रतिवेदनको समीक्षा गर्छ, यातनाविरुद्धको महासन्धिको व्याख्या गरी सामान्य टिप्पणी उपलब्ध गराउँछ र पीडितद्वारा ल्याइएका व्यक्तिगत दाबीमाथि सोचविचार गर्छ । यातनाका विशेष प्रतिवेदक पनि हुन्छन्, जसको काम राज्यसँग संवाद गर्दै यातना निर्मूल गर्न सहयोग पुऱ्याउनु र पीडितलाई न्याय दिलाउनु हो ।

यस्तै किसिमका निकाय मुख्य क्षेत्रीय प्रणालीमा पनि हुन्छन् । कहिलेकाहीँ यस्ता निकायले यातनाका सम्बन्धमा राज्यहरूलाई दबाब दिनका लागि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् जसले राज्यहरूको यातना निषेध गर्नुपर्ने दायित्वको विपरीत जानुपर्ने हुन्छ । उदाहरणका लागि, युरोपेली परिषद्को पार्लियामेन्ट एसेम्बलीको प्रतिवेदनमा युरोपमा गोप्य हिरासतबारेको व्याख्याले प्रतिआतंकवादका उपायको खुलासा गरेको छ । यो खुलासामा केही निश्चित युरोपेली मुलुकले माकुरोको जालोजस्तो जेलिएको क्रियाकलाप गरेको र त्यो कामका लागि पछि गएर उनीहरूलाई जवाफदेही बनाउनुपर्ने माग उठेको पाइयो ।[8]

अफ्रिकामा मानव तथा जनताका अधिकारसम्बन्धी अफ्रिकी आयोगभित्र पर्ने गरी अफ्रिकामा यातना रोकथाम भन्ने एउटा विशेष समिति बनाइयो जसले राज्यहरूसँग मिलेर यातनाको अभ्यास निर्मूल गर्न सहयोग पुऱ्याउँथ्यो । यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्र बन्न तथा महासन्धि कार्यान्वयन गर्न त्यहाँ अन्य बहुपक्षीय राज्यस्तरीय पहल पनि विद्यमान छन् । पीडितलाई सहायता पुऱ्याउन तथा यातनाका दर्दनाक असरतर्फ ध्यानाकर्षण गर्न नागरिक समाजको समूह, वकिलहरूको संघ र अन्यका बीचमा एक्यबद्धता र संयुक्त कार्यको अभ्यास विद्यमान छ ।





# १० यातनापीडितसँगको अन्तर्वार्ता : पत्रकारका लागि सहयोगी सामग्री

## यातनाको प्रभावबारे बुझाइ

यातनाबाट बच्न सफल भएकाको अन्तर्वार्ता लिँदा व्यक्तिगत कथा भनिनु महत्त्वपूर्ण हुन्छ । यस्तो हुँदा यातनाविरुद्धको लडाइँ र यसलाई निर्मूल पार्न खेलिएको भूमिकाको महत्त्वबारे सर्वसाधारणले विस्तारपूर्वक जान्ने मौका पाउँछन् । यो चुनौतीपूर्ण भने हुनसक्छ किनभने यातनाजस्ता घटना गहिरोगरी व्यक्तिगत हुन्छन् र यसले मानिसको भावनाको विविध श्रेणी जागृत गर्न सक्छ । यसले मानिसमा लज्जा, डर, रिस र पीडा उत्पन्न गर्न सक्छ । यातनाबारे सार्वजनिक थलोमा सबैका अगाडि बोल्न पीडितलाई ज्यादै गाह्रो हुनसक्छ ।

पीडितसँग अन्तर्क्रिया गर्ने जोसुकैले त्यस्ता भावका विविध श्रेणीसँग व्यवहार गर्न सक्छु भन्ने तयारी हुनुपर्छ । तिनका भावनाप्रति संवेदनशील हुँदै अति महत्त्व दिनुपर्छ । पत्रकारले जहिल्यै पीडितलाई महत्त्व दिई तिनका कथा अघि ल्याउने प्रयास गर्नुपर्छ । कथालाई जोड दिने वा हतार गर्ने किसिमले लिइनुहुँदैन । पीडितलाई 'कुरोको चुरोमा जाऔँ न' अथवा 'हामी सबैभन्दा खराब पाटोलाई छाडिदिउँ न' भन्नुहुँदैन । यातनापीडितलाई कहिल्यै पनि दयाको पात्रका रूपमा व्यवहार गर्नुहुँदैन । पत्रकारहरूले तिनीहरूको कामका दौरानमा के सचेत हुनुपर्छ भने तिनले एउटा व्यक्तिलाई भेट्छन्, उदाहरणका लागि युद्धक्षेत्रबाट भागेका एक शरणार्थीलाई भेट्छन् र ती व्यक्ति यातनापीडित नहुन सक्छन् ।

हामी सबै पत्रकारहरूलाई तल दिइएका निर्देशन अनुसार प्रभावकारी र उचित संवेदनशील अन्तर्क्रिया गर्नका लागि प्रेरित गर्छौँ ।

8 Parliamentary Assembly of the Council of Europe, “Alleged secret detentions and unlawful inter-state transfers of detainees involving Council of Europe member states”, Doc. 10957, 12 June 2006.



## अन्तर्वार्ताका लागि तयारी

- पीडितका बारेमा सम्भव भएसम्म बढीभन्दा बढी जानकारी लिनुहोस् र खासगरी तिनीहरूको मुलुक र घटनाबारे विशिष्ट विवरण थाहा पाउनुहोस् । जति बढी सम्भव हुन्छ, तिनीहरूको घटनाका प्रासंगिक छोटकरी नाम र पारिभाषिक शब्दबारे जानकार हुनु उपयोगी हुन्छ ।

- के याद राख्नुस् भने कुनै महिला पत्रकारले महिला यातनापीडितको अन्तर्वार्ता लिँदै हुनुहुन्छ भने खासगरी यौन शोषण अथवा अन्य किसिमका अन्तरंग कुराकानीका मामिलामा सांस्कृतिक संवेदनशीलता आउँछ । यस्तो बेलामा पीडितलाई कुराकानी गर्न सहज छ वा छैन भन्ने सोध्नुपर्छ वा उनीहरूलाई सहज बनाएर कुराकानी गर्ने अवस्था बनाउनुपर्छ । विपरीत लिङ्गीसँग अन्तर्वार्ता गर्न उनीहरूलाई सहज हुन्छ वा हुँदैन भनी सोध्नुपर्छ । यस्तो कुरा पुरुषले महिलापीडितलाई सोध्दा उचित हुन्छ । कहिलेकाहीँ पुरुष पीडितसँग महिला पत्रकारले अन्तर्वार्ता लिँदा सहज महसुस गर्ने पनि अवस्था हुन सक्छ । कतिपय कुरा त अवस्था वा वातावरणमा भर पर्छ ।

- पीडितलाई पहिले नै कुन भाषामा उनलाई कुरा गर्न सहज हुन्छ भनेर सोध्नुपर्छ । पीडितलाई कुनै अनुवादक वा व्याख्या गरिदिने मानिस चाहिन्छ कि भनेर बुझ्नु आवश्यक छ ।

- वार्ता गर्ने थलो उचित छ कि छैन ख्याल राख्नुपर्छ, निजत्वमा व्यवधान पुग्छ कि पुग्दैन ध्यान दिनुपर्छ, अन्तर्वार्ता दिनेलाई सहज हुने ठाउँ चयन गर्नुपर्छ ।

- अन्तर्वार्ता दिँदा पहिले नै पीडितलाई आफू को हो ? कसका लागि काम गरिरहेको हो ? अन्तर्वार्ताबाट जान्न चाहेको कुरा के र किन हो ? प्रतिवेदनमा उल्लेख गर्न खोजेका कुरा के हुन् ? यी सबै स्पष्टसँग बताउनुपर्छ । मिडियासम्बद्ध दर्शक/श्रोतालाई भन्न लागिएको/प्रसारण गर्न लागिएको चिजको प्रकार वा उद्देश्यबारे सुरुमै जानकारी दिनुहोस् ।

कतिपय अवस्थामा अन्तर्वार्ता लिन लागिएका पीडितले आफूले बोलेका वा भनेका कुरा पछि प्रसारण हुँदा अप्ठेरो पर्न सक्ने भएकाले एक चोटि लेखेको हेर्ने मनशाय राख्न सक्छन् । यस्तो अवस्था असम्भव भए सुरुमा नै तिनलाई स्पष्टसँग अन्तर्वार्ताअघि नै आफ्ना कुरा राख्नुपर्छ ।

अन्तर्वार्ताअघि नै कतिपय प्रश्न छलफलका लागि दिनु उचित हुन्छ । यसो हुँदा अन्तर्वार्ता दिनेले विषयमाथि तयारी गर्ने अवसर हुन्छ ।

अन्तर्वार्ता दिने व्यक्तिलाई के भनी सम्बोधन गर्ने भन्ने बारेमा सोध्नु उचित हुन्छ । जस्तो 'यातनापीडित' भन्ने कि 'यातनाबाट बाँचेका' भन्ने हो कि भन्नेमा तिनले दिने सुझाउ कार्यान्वयन गर्नु उचित हुन्छ ।

तपाईंले अडियो, भिडियो वा रेकर्डिङ गर्न चाहेको कुरा पहिले नै अन्तर्वार्ता दिनेसँग अनुमति माग्नुहोस् । तस्बिर अथवा बोलीले यातनापीडितको पहिचान खुल्ने हुन सक्छ । यसका कारण तिनलाई वा तिनका परिवारलाई उत्पीडित हुने अवस्था सिर्जना हुन सक्छ । यसैगरी, पीडितलाई तिनको नाउँ सार्वजनिक हुँदा अप्ठेरो पर्ने वा नपर्ने, खुसी हुने वा दुःखी हुने कुरा पनि सोध्नुहोस् । यस्तो अवस्थामा तपाईंले ती पीडितको नाम, उमेर लगायतका सूचना पहिले नै लिनुहोस् ताकि पछि बीचैमा अन्तर्वार्ता भङ्ग भयो भने पनि को पीडितसँग कुरा गर्नुभएको थियो भन्ने जान्न असहज नहोस् ।

पीडितको ग्राफिक तस्बिर प्रयोग नगर्नुहोस् । पीडितका निजी अङ्ग, अझ मृतकका पनि अङ्ग प्रदर्शन गर्नु अनैतिक काम हो । अन्तर्राष्ट्रिय रूपमा चासो दिइने व्यक्तिको आत्मसम्मानलाई सम्मान गर्नुहोस् ।

संवेदनशील अवस्थामा तपाईंले आफ्नै सुरक्षाका लागि पनि अतिरिक्त चासो दिनुहोस् । अन्तर्वार्ता लिन जानुअघि तपाईंले आफ्ना साथीलाई कहाँ जाँदै हुनुहुन्छ भन्ने सूचना दिनुहोस् र कतिबेला फर्कनुहुन्छ, त्यो पनि बताउनुहोस् ।





## अन्तर्वार्ताका क्रममा

अन्तर्वार्ता दिनेले अन्तर्वार्ता दिन तयार भएको र सहज महसुस गरेको सुनिश्चित गर्नुहोस् । खानपिनबारे पनि केही सोध्नुहोस् ।

बाधा घटाउनका लागि मोबाइल अफ गर्ने तथा अन्य विद्युतीय सामग्रीहरू बन्द गर्नुहोस् ।

कुनै भाषान्तर गर्ने वा भाषा अनुवाद गर्ने व्यक्ति प्रयोग गरिएको भए पीडितसँग सिधा संवाद गर्नु महत्त्वपूर्ण हुन्छ । पीडितसँग बरोबर आँखामा आँखा जुधाएर कुराकानी गर्नु उचित हुन्छ ।

पीडितले आफ्ना कथा सुनाउँदा तिनको आत्मसम्मानमा चोट नपुग्ने गरी पत्रकारले कुनै दबाब नदिइकन जानकारी खुलाउनुपर्छ । सिधा प्रश्न गर्नुहुँदैन, न त अन्तर्वार्ता दिनेको मनै बिथोल्ने गरी प्रश्न गर्नुहुन्छ । तिनलाई असहज हुने कुनै पनि प्रश्न वा उत्तर दिन नचाहेको खण्डमा तिनको निर्णयलाई सम्मान गर्नुहोस् । तिनलाई सबैभन्दा गाह्रो हुने, भावनात्मक रूपमा अप्ठेरो लाग्ने प्रश्न अन्तर्वार्ताको अन्त्यमा मात्रै सोध्नुहोस् ।

अन्तर्वार्ता लिनेलाई सोधिएको प्रश्न तिनले नबुझे त्यो प्रश्न त्यही शैलीमा दोहोर्‍याएर नसोध्नुस् । त्यही प्रश्नलाई बेग्लै तरिकाले सोध्नुहोस् । दोहोर्‍याएर त्यही प्रश्न सोध्दा चुनौती दिएजस्तो देखिन सक्छ ।

अन्तर्वार्ता लिँदा लिइएको व्यक्तिलाई छलफलका कारण प्रभाव परेको महसुस भए छोटो अवधिको विश्राम लिने प्रस्ताव राख्नुहोस् । चिया बिस्कुटको प्रस्ताव गर्नुहोस् । अन्तर्वार्ता लिइएका व्यक्ति मानसिक रूपमा दुःखी भए वा आँसु झारे रुमाल वा कागजको रुमाल आफूसँग जे छ त्यो दिनुहोस् ।

- यातनाबाट बाँचेको व्यक्तिले तपाईंको चासोलाई कृतज्ञता व्यक्त गरे पनि तपाईंले व्यवसायिकता देखाउनुहोस् । उनीप्रति सहानुभूति देखाउँदा सचेत हुनुहोस् अथवा तपाईंले देखाएको चासो ('यो पक्कै पनि हृदयविदारक थियो' जस्ता शब्द प्रयोग गर्दा) व्यक्त गर्दा आफूलाई माथि पारेको जस्तो देखिनसक्छ । पीडितले व्यक्त गरेका यातनाका स-साना घटना वा विवरणसँगै तपाईंले छक्क पर्ने वा आतंकित हुनेजस्ता अनुहारको भाव वा प्रभाव नदिनुहोस् । तिनलाई सहज बनाउने प्रयास गर्न छाडिदिनुस् ।

- आफूलाई आवश्यक पर्ने अनि सुनिश्चित गर्नुपर्ने स-साना विवरण, ठाउँको नाउँ वा व्याख्या, घटनामा उपस्थित नामहरू, तिनको अवस्था/भूमिका र चिनिने युनिफर्म वा कार्यालयीय चिह्नबारे तपाईंलाई पूर्ण जानकारी हुनुपर्छ ।

- घटनाका क्रमिकता र समयका बारेमा सोध्नुहोस् । के कुरा कहिले भनिएको हो ? यी कुरालाई सन्दर्भ जाँच गर्नुहोस् ताकि कथा तुलना गर्दा सत्यता सुनिश्चित गर्न सकियोस् ।

## अन्तर्वार्तापछि र समाचार छापिनुअघि

- सुरक्षा र तथ्यांक रक्षाको विषयलाई अतिरिक्त चासो दिनुहोस् । उदाहरणका लागि, नखुलाउनुपर्ने जानकारीलाई तपाईंले नखुलाउने विषयमा सुनिश्चित हुनुहोस् । जस्तै, यातनाबाट बाँचेका व्यक्ति यौन हिंसामा परेका यातनापीडित एचआइभी भएका व्यक्ति हुन सक्छन् ।

- बालबालिकाको अधिकारका विषयमा विशेष गरी सचेत हुनुहोस् । उदाहरणका लागि, पत्रकारितामा कुन विशेष तरिका र प्रविधि बालबालिकाको अधिकारका लागि सान्दर्भिक हुन्छ ? बालबालिकासँग कसरी अन्तर्वार्ता लिनुहुन्छ ? कृपया नाबालकको परिचय नखुलाउनुहोस् ।

## सूचनाका अन्य स्रोतहरू

- स्रोतका प्रामाणिकता समाचारका लागि ज्यादै महत्त्वपूर्ण हुन्छन् । स्वास्थ्य जाँच प्रतिवेदन अथवा अदालतका कागजातले यातना सम्बन्धी समाचारलाई अखबारी लेखनमा अझ पुट दिन्छन् भने उपयुक्त तरिकाले चोट वा मृत्यु विवरणलाई प्रभावकारी तरिकाले पस्किन सकिन्छ । कहिलेकाहीँ पीडितले यातनाका सम्पूर्ण कुरा मिहिन तरिकाले व्यक्त गर्न नसक्दा यी कागजातले तिनको बयानलाई सघाउ पुऱ्याउन भूमिका खेल्न सक्छन् ।

- कहिलेकाहीँ पत्रकारका लागि स्वास्थ्य र कानुनसम्बन्धी प्राविधिक शब्द पहिल्याउन चुनौतीपूर्ण हुन्छ । त्यस्तो अवस्थामा विज्ञसँग सल्लाह लिँदा उपयुक्त हुन्छ । विज्ञसँग जानकारी लिन प्रतिवेदनलाई स-साना भागमा विभाजन गर्दा बुझ्न सजिलो हुनेछ । शब्दावलीको सही अर्थ बुझ्नु ज्यादै महत्त्वको कुरा हो । स्वास्थ्य वा कानुनी शब्दावली समाचारमा गलत पर्न गए पाठक तथा श्रोतालाई यसले गलत जानकारी दिनेछ ।

- विज्ञको धारणा लिनुका अलावा चिकित्सकीय वा अदालती कागजातलाई पुष्ट गर्ने भनाइका रूपमा राख्नुहोस् (पीडितको निजी जानकारी सुरक्षित गरिएको र निजसँग पूर्ण सहमति लिइएको हदसम्म) । समाचारमा राखिएका पीडितका सिधा भनाइले समाचारको आधिकारिकता बढाउँछ र यातनाको घटनाको समाचारलाई पूर्ण रूपमा बुझ्न मद्दत पुऱ्याउँछ । यसले मृत्यु अथवा चोटको अवस्थाको सम्बन्ध जोड्न प्याथोलजिकल, क्लिनिकल र टक्सिकोलजिकल परिणाम बुझ्न सहयोग पुऱ्याउँछ ।







# ११ यातनाको समाचार बनाउने पत्रकारहरूले झेल्ने खतरा के हुन् ?

स्वतन्त्र तथ्य-पत्ता लगाउने र सो पत्ता लगाइएका तथ्यहरु समाचारका माध्यमबाट सर्वसाधारणमाझ बाहिर ल्याउने पत्रकार तथा अन्य सञ्चारकर्मीले जनतालाई विविध विषयमा सूचनामाथिको पहुँच बढाउने तथा ती घटनामाथि स्वतन्त्र र प्रायः आलोचनात्मक धारणा बनाउन मद्दत पुऱ्याउने गर्छन् ।

यसले सरकार वा शक्तिको अभ्यास गर्नेहरू वा अधिकारीहरूले घटनामाथि राखेका आधिकारिक धारणा वा भनाइमाथि समाजमा छलफल बढाउँछ र कतिपय अवस्थामा चुनौतीसमेत दिन्छ । यसले बहुलवादी धारणा बनाउन भूमिका खेल्छ र यसले जनताको सूचनामाथिको पहुँच बढाउने मात्र होइन प्रजातन्त्रलाई टेकोसमेत दिन्छ । यसले पत्रकार हरूको धारणालाई बृहत् बनाउनुका साथै प्रभावशाली धारणा र विचारसमेत दिन्छ ।

तर यातना भनेको पीडितका लागि मात्र नभई तिनको परिवार र समुदायका लागि पनि विशेष रूपले अति संवेदनशील विषय हो । यो दोषीका लागि पनि संवेदनशील विषय हो । घटनासँग गाँसिएका सबै र राज्यसमेतका लागि पनि उत्तिकै संवेदनशील विषय हो । यातना प्रकाशमा आएको छैन वा छलफल भएको छैन भने धेरैले यसलाई कुनै कारणले गोप्य नै राख्न चाहन्छन् । यस्तो अवस्थामा पत्रकारले कैयौँ खतरा बेहोर्नुपर्ने हुन्छ किनभने यी ज्यादै संवेदनशील हुन्छन् । हिंसाको खतरा मोल्नुपर्ने अवस्थामा पत्रकारले तिनको काममा आफैँ लगाम लगाउन प्रेरित हुनसक्ने खतरा हुन्छ । यसका कारण समाजले सूचनामा सही पहुँच पाउन सक्तैन । सबै पत्रकार तिनले मोल्नुपर्ने सम्भावित खतराप्रति सजग हुनुपर्छ ताकि आफू सुरक्षित रहनका लागि उचित पूर्वतयारी गर्न सकून् । पत्रकारले झेल्नुपर्ने खतराका लागि कमिटी टु प्रोटेक्ट जर्नलिस्ट्स र मिडिया लिगल डिफेन्स इनिसिएटिभ जस्ता कैयौँ संघसंस्थाले सहयोग र भरोसा दिने गर्छन् ।

Committee to Protect Journalists:

www.cpj.org

See list of resources:

www.cpj.org/ campaigns/ assistance/resource-center.php

and resources on security issues

www.cpj.org/reports/2012/04/journalist-security-guide.php

Media Legal Defence Initiative, provides legal help for journalists and bloggers around the world: www.mediadefence.org

पीडितलाई खतरा : यातनाबारे समाचार बनाउँदा पीडित, तिनका परिवार र बृहद् अवस्थामा समाज, वकिल र अन्य समर्थकहरूलाई खतरा पर्न सक्छ । यसको अर्थ खतराकै कारणले यस्ता विषयमा समाचार नबनाउने भन्ने होइन । बरु पत्रकारहरूले त पीडितहरूलाई अन्तर्वार्ता दिन सहमत गराउन सबै किसिमका कदम चाली सम्भावित जोखिमलाई साँच्चे हुन नदिनका लागि प्रयत्न गर्नुपर्छ । यसका लागि अन्तर्वार्ता लिनेको नाउँ, समय, ठाउँ अथवा अन्य पहिचानका स-साना जानकारी बटुल्ने र पीडितको सहमति छैन भने तस्बिर नछाप्ने लगायतका सचेतता अपनाउनुपर्छ ।

अभियोग अथवा मानहानि : यातनामा संलग्न फलानो व्यक्ति अथवा यातनामा प्रयोग भएका सामग्री उपलब्ध गराउने फलानो कम्पनी भनी नामै तोक्दा सूचना सत्य होइन रहेछ, प्रामाणिक रहेनछ भने पत्रकारमाथि मानहानिको मुद्दा लाग्न सक्छ । मानहानिको कानुन भिन्दाभिन्दै मुलुकमा भिन्दाभिन्दै हुन्छ । पत्रकारले आफू बसेको राज्यको लागू हुने कानुन, लेख छापिएको वा प्रचार गरेको मुलुकको कानुनबारे जानकार हुनुपर्छ ।

समाचार प्रकाशनमा प्रतिबन्ध : कतिपय घटनामा संवेदनशील कथाहरूलाई छापिनबाट रोक्न सरकारले पत्रपत्रिकालाई प्रतिबन्ध लगाउने, प्रकाशनलाई अपराध करार दिँदै प्रकाशित भएका केही सूचनालाई लिएर सम्पादक तथा पत्रकारमाथि मुद्दा चलाउन सक्छ । पत्रकारले आफूले काम गरिरहेको मुलुकको कानुनका सीमितता बुझ्नुपर्छ तर सँगैमा दमनकारी मुलुकलाई विशेष रूपमा बुझ्नु पनि पर्छ किनकि ती कानुन अस्पष्ट हुन सक्छन् र छोटो अवधिमा सूचना दिई परिवर्तन हुने किसिमका पनि हुन सक्छन् । समस्या बढ्दै गए पत्रकारले स्थानीय तथा अन्तर्राष्ट्रिय दुवै किसिमका सञ्जालमा संलग्न भई तिनबाट सुझाव, सल्लाह र सहयोग लिन चुक्नुहुँदैन ।





उत्पीडन, धम्की तथा हिंसा : आक्रमण पनि उत्पीडनमा राख्न सकिन्छ । पत्रकार र तिनको परिवारलाई त्रास र धम्की, निष्कासन, गैरकानुनी र एकपक्षीय पक्राउ गर्नु, हिरासतमा राख्नु, अपहरण गर्नु, यातना दिनु, यौनिक यातना तथा हत्या यी सबै उत्पीडन हुन् । पत्रकारले सुरक्षा अवस्था तीव्र गतिमा परिवर्तन हुनसक्छ भन्नेमा सचेत हुनुपर्छ र केही महिनापहिले तुलनात्मक रूपमा लेख्न सुरक्षित भएको उनीहरूले महसुस गरेको भए पनि परिस्थिति तीव्र गतिमा परिवर्तन भएको हुनसक्छ ।

माथि भनिएबमोजिमको अवस्थामा पत्रकारले देश भित्र र बाहिर आफ्ना साथीभाइहरूसँग सम्पर्कमा रहिरहनुपर्छ ताकि समस्या उब्जिए वा सहयोग पाइए छोटो अवधिमा नै तिनले तुरुन्तै अन्यलाई सचेत वा खबर गर्न सकून् । अभिलेखीकरणको प्रक्रियामा र घटनाको अनुगमन गर्दा पत्रकारले तिनले मोलेको जोखिम र भेलिरहेको जोखिम घटाउन योजना बनाउने र कार्यान्वयन गर्ने गर्नुपर्छ ।

पत्रकारिताको प्रकृति भनेको नै पत्रकारले मानसिक आघात पुग्ने कथा र अवस्थाको सामना गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा पत्रकार स्वयं दोस्रो वा तेस्रो तहको आघातमा पर्न सक्छन् र तिनलाई त्यो आघातबाट निस्कन मनोवैज्ञानिक सहयोगजस्ता संयन्त्र आवश्यक हुनसक्छ ।

# १२ लेखकहरूका बारेमा

*यो हाते पुस्तक बेलायतस्थित संस्था रिड्रेस, नेपालको एड्भोकेसी फोरम (एएफ) र पेरूस्थित ला कोर्डिनाडोरा नसिओनल डी डेरेकोस ह्युमानोस (सिडिडिएचएच), केन्यास्थित इन्डिपेन्डेन्ट मेडिकल लिगल युनिट र लिबियास्थित लयर्स फर जस्टिस (एलएफजेएल)ले संयुक्त रुपमा लेखेका हुन् ।*


*एड्भोकेसी फोरम - नेपाल* (एएफ) विधिको शासनलाई बढावा दिने तथा नेपालमा अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डको पालना गराउने उद्देश्यले सञ्चालित एउटा नाफारहित गैरसरकारी संस्था हो । सन् २००१ मा स्थापित भएयता एएफले अग्रणी रूपमा मानवअधिकारको पैरवी गर्दै आइरहेको छ तथा नेपालमा व्याप्त दशकौं पुरानो दण्डहीनताको संस्कृतिलाई सक्रिय रूपमा प्रतिकार गरिरहेको छ । मानवअधिकार उल्लंघनका घटनालाई व्यवस्थित तवरले अभिलेखीकरण गरेर, थुना केन्द्रको अनुगमन भ्रमण गरेर र औपचारिक रूपमा अदालती मुद्दा तयार गरेर यसले माथि उल्लिखित कार्य गरेको छ । यो पीडितहरूको स्वयं क्षमता अभिवृद्धिका काममा र स्वच्छ तथा प्रभावकारी न्यायसम्पादनका लागि आवश्यक प्रभावकारी संस्था तथा कानुनी र नीतिगत संरचना निर्माण गर्नका लागि उच्चस्तरीय नीतिको पैरवीका काममा समेत संलग्न छ ।

*ला कोर्डिनाडोरा नसिओनल डी डेरेकोस ह्युमानोस डि पेरू (सीडिडिएचएच)* सन् १९८५ मा स्थापित ल्याटिन अमेरिकाका सन्दर्भमा अग्रपंक्तिको संस्थाका रूपमा रहँदै आएको छ । यसले संयुक्त राष्ट्रसंघको सामाजिक तथा आर्थिक परिषद् आउनुअघि स्पेसल कन्सलटेटिभ स्टाटस पाएको थियो । यसका साथै अर्गनाइजेन अफ अमेरिकन स्टेट्स (ओएएस) का गतिविधिहरूमा भाग लिन मान्यता प्राप्त संस्था हो यो । यसले पेरूमा ७९ विभिन्न नागरिक समाजका संघसंस्थाका सञ्जालका रूपमा काम गरी मानवअधिकारको रक्षा, सुदृढीकरण तथा शिक्षामा काम गर्दै आइरहेको छ । यसको मिसन भन्नु नै व्यापक रूपमा मानवअधिकारको संस्कृति प्रचार तथा प्रजातान्त्रिक संस्थाको सुदृढीकरण गर्नु हो । संस्थाले पेरूमा यातनाको अभ्यासलाई अन्त्य गर्ने र पीडित तथा तिनका परिवार र समुदायलाई सशक्तीकरण मुख्य उद्देश्य बनाएको छ । संस्थाले यातनाका मुद्दामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहकै कानुन कार्यान्वयनको अनुभव बटुलेको छ ।

*द इन्डिपेन्डेन्ट मेडिको-लिगल युनिट (आइएमएलयु)*, केन्याली संगठन हो जसले स्वास्थ्य तथा मानवअधिकारका क्षेत्रमा गैरनाफामूलक संस्थाका रूपमा काम गरिरहेको छ । यसको भिजन नै यातनामुक्त न्यायिक संसार हो । यातनापीडितहरूको मुद्दा, चिकित्सकीय तथा मनोवैज्ञानिक पुनःस्थापना गर्नु तथा राज्यले पालना गर्नुपर्ने मानवअधिकारको दायित्वलाई नियमन गर्नुका साथै नीति, कानुनी र संगठनात्मक सुधारका कार्यमा सघाउनु यसको काम हो । दुई दशकयता यसले चार हजारभन्दा बढी यातनापीडितमाथि भएका क्रूर, अपमानजनक र अमानवीय व्यवहारविरूद्धको चिकित्सक, आघातको परामर्शदाता, वकिल, मानवअधिकार अनुगमनकर्ता तथा पत्रकारहरूको व्यवसायिक राष्ट्रिय सञ्जालमार्फत काम गरिसकेको छ ।

*लयर्स फर जस्टिस इन लिबिया (एलएफजेएल)* एउटा स्वतन्त्र गैरसरकारी संस्था तथा परोपकार संगठन हो जुन लिबियाका सर्वसाधारणको हितका लागि मानवअधिकारलाई बढावा दिन खोलिएको हो । संक्रमणकालीन न्याय, दण्डहीनता तथा मानवअधिकार, संवैधानिक तथा कानुनी सुधार, सुशासन तथा विधिको शासन अनि अन्तर्राष्ट्रिय स्तरमा पैरवीमा काम गरेर एलएफजेएलले संक्रमणकाल तथा त्यसभन्दा पनि पर गई लिबियाभर कानुनी शासन र प्रजातन्त्रका लागि एक उत्प्रेरकको रूपमा काम गर्दै आइरहेको छ ।

*रिड्रेस* यातनापीडितका लागि न्यायको लडाइँमा साथ दिन र यातनाको विश्वव्यापी समस्यालाई उजागर गर्न खोलिएको संसथा हो । यसले संसारभरका यातनापीडित व्यक्ति तथा समुदायलाई न्याय दिलाउन र उनीहरूलाई क्षतिपूर्तिका लागि निःशुल्क कानुनी सहयोग उपलब्ध गराउँछ । यसले पीडितको क्षमतावृद्धिमा समेत भूमिका खेल्ने गरेको छ । यसले पीडितहरूको आत्मसम्मान पुनःस्थापित गर्न र यातनाका पीडकलाई जवाफदेही बनाउनसमेत सहयोग पुऱ्याउँछ । रिड्रेसले आफ्ना सबै काममा पीडितहरूको रूचि र धारणालाई प्राथमिकता दिन्छ । यसले पीडितहरूको सुस्वास्थ्य कायम गर्ने र थप घात हुनबाट बचाउने हिसाबमा आफ्ना सबै निर्णय र हस्तक्षेपमा उच्च प्राथमिकता दिन्छ । यसले पीडितहरूका तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सफलतापूर्वक मुद्दा लडिसकेको छ ।



लेखकहरू युरोपेली संघको युरोपियन इन्स्ट्रुमेन्ट फर डेमोक्रेसी एन्ड ह्युमन राइट्स (इआहइडिएचआर) लाई यो हाते पुस्तिका प्रकाशनका लागि पुऱ्याएको आर्थिक सहयोगका लागि धन्यवाद व्यक्त गर्छन् । यो हाते पुस्तिका भविष्यमा हुने यातनाका उदाहरणलाई रोक्न, यातनापीडितको न्यायमा पहुँच बढाउन, यातनापीडितलाई क्षतिपूर्ति र पुनःस्थापना दिलाउनका लागि तीन वर्षे परियोजना 'यातनाको क्षतिपूर्ति : विज्ञताको वैश्विक वितरण' को अंश हो ।

यो हाते पुस्तिका निःशुल्क वितरण गर्नका लागि बनाइएको हो । यो क्रिएटिभ कमन्स एट्रिब्युसन-नन कमर्सियल- नन डेरिभेटिभ ४.० अन्तर्राष्ट्रिय लाइसेन्सअन्तर्गत् बाँडिएको छ ।(CC-BY-NC-ND 4.0):

https://creativecommons.org/licenses/by-nc-nd/4.0/